का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ माघ २०८२
शनिबार
31 January 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २४, अंक ९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# देशभर १२ सय बढी बेवारिसे शव



बेवारिसे अवस्थामा शव भेटिन्छन्, ती शवको मुचुल्का तयार पारेर पहिचानका लागि वेवसाइटमा राखिएको छ ।

● **अविनारायण काफ्ले**
प्रवक्ता, नेपाल प्रहरी



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १६ माघ

नग्न शरीर, शरीरमा गहिरो चोट । अनुहार पहिचान गर्न कठिन । एक जना पुरुष जो कोशी प्रदेश, सुनसरी, बराह नगरपालिका-१, मन्दिर परिसरमा गत कातिक १६ गते मृत अवस्थामा भेटिए । ती व्यक्ति को हुन् ? कहाँबाट आएका हुन् ? र कसरी मृत्यु भयो भन्ने अझै खुल्न सकेको छैन ।

उनको शव बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा धरान सुनसरीको शव गृहमा सुरक्षित राखिएको छ। उनको अझैसम्म पनि पहिचान खुल्न सकेको छैन। नेपाल प्रहरीले भने पहिचन नखुलेको शवको लिस्टमा उनको तस्बिर राखेको छ । जसलाई उनका आफन्तले पहिचान गर्न सकून् ।

यस्तै, कालीगण्डकी नदीको किनारमा पानीमा घोप्टो परेको अवस्थामा एक महिलाको शव भेटियो । ती महिलाको छालाको माथिल्लो भाग पत्र निस्की छालाको चिह्न छुट्याउन सकिने अवस्था थिएन । शरीरमा कपडा पनि नभएको अवस्थामा शव भेटिएको थियो । तर आजसम्म उनको पहिचान खुलेको छैन ।

उनको शव प्राथमिक अस्पताल वालिङ स्याङजाको शव गृहमा राखिएको छ ।

यसैगरी, गण्डकी प्रदेश, स्याङ्जा, गल्याङ नगरपालिका-१ परेवाकुनामा ३० देखि ३५ वर्ष उमेरकी महिलाको शव गत साउन २९ गते भेटिएको थियो । उनको पनि प्रहरीले पहिचान नखुलेको शवको लिस्टमा राखेको छ ।

कर्णाली प्रदेश, सल्यान, बनगाड कुपिण्डे नगरपालिका-१ अम्रास्थित भेरी नदीमा छेदविछेद अवस्थामा महिलाको शव भेटियो । ३५ वर्षकी अनुमानित उमेर भएकी ती महिलाको शव मंसिर १० गते भेटिएको थियो । उनको कुनै पहिचान खुलेको छैन । ती महिलाको शव जिल्ला अस्पताल सल्यानको शवगृहमा राखिएको छ ।

त्यस्तै, बागमती प्रदेश, धादिङ, धुनिवेशी नगरपालिका-९, मरण घाट गत असोज ६ गते अन्दाजी ३० वर्षका पुरुषको शव भेटियो । उनको पनि आजसम्म पनि पहिचान खुलेको छैन । उनको शव त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभाग महाराजगन्ज काठमाडौंमा राखिएको छ । >>> पृष्ठ २ मा

# बन्दै छ स्वार्थको द्वन्द्वसम्बन्धी कानुन

कानुन बने स्वार्थ जोडिएका व्यक्तिलाई सभा, सम्मेलनमा सहभागी हुनसमेत अनिवार्य अनुमति चाहिने छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ माघ

स्वार्थको द्वन्द्वसम्बन्धी कानुन बन्ने भएको छ । नेपाल कानुन आयोगबाट विधेयकको मस्यौदा तयार भएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेको छ । अब मन्त्रिपरिषद्ले मन्त्रिपरिषद्बाट स्वीकृत गराएर संघीय संसद्मा दर्ता गर्न सक्छ । हाल अन्तरिम सरकार छ । २१ फागुनको चुनावबाट नयाँ सरकार आउनेछ । नयाँ सरकार आउनेबित्तिकै विधेयक अगाडि बढाउने गरी मस्यौदा बनाएर राखिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयका अधिकारीहरूका अनुसार

प्रस्तावित विधेयकमा कुनै पनि सार्वजनिक पदमा रहने व्यक्तिले उपहार लिन नहुने व्यवस्था राखिएको छ। पदीय हैसियतले उपहार लिएमा त्यसलाई सम्बन्धित कार्यलयमै बुझानुपर्नेछ । अन्यथा, उपहार जफत गरी त्यसबराबरको रकम जरिमाना गर्ने व्यवस्थासहितको विधेयकको मस्यौदा तयार भएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अगाडि बढाएको स्वार्थको द्वन्द्वसम्बन्धी विधेयक जस्ताको तस्तै पारित भएर ऐनमा रुपान्तरण भए सार्वजनिक पदाधिकारीलाई विदेशी, सरकारी, गैरसरकारी र अन्य सार्वजनिक पदाधिकारीसँग पत्राचार वा भेटघाट गर्न समेत सीमा लाग्नेछ ।

आफ्नो स्वार्थ जोडिएको विषयमा सार्वजनिक पदाधिकारी सहभागी हुन नपाउने विषय छ । सरकारी वा गैरसरकारी स्तरमा आयोजना हुने कार्यक्रम, सभा, सम्मेलनमा सहभागी हुन अनुमति अनिवार्य हुने प्रावधानसहितको विधेयकको मस्यौदा तयार भएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अगाडि बढाएको स्वार्थको द्वन्द्वसम्बन्धी विधेयक जस्ताको तस्तै पारित भएर ऐनमा रूपान्तरण भए सार्वजनिक पदाधिकारीलाई विदेशी, सरकारी, गैरसरकारी र अन्य सार्वजनिक पदाधिकारीसँग पत्राचार वा भेटघाट गर्नसमेत सीमा लाग्नेछ ।

आफूले गरिरहेको कामसँग सम्बन्धित कामबाट अलग भएको एक वर्ष नपुगी त्यससँग सम्बन्धित पेसा, व्यवसाय वा कारोबारसँग सम्बन्धित काम गर्न नहुने विषय पनि प्रस्तावित छ ।

यसका साथसाथै आफ्नो तलब, भत्ता तथा सुविधा आफैं निर्धारण गर्नबाट रोक लगाउनेलगायतका विषयसमेत समेटिएका छन् । जसमा भनिएको छ, 'सार्वजनिक >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## दक्षिण कोरियामा नेपाली कामदारको कोटा बढाउनेदेखि उमेर घटाउनेसम्मका प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

नेपाल र दक्षिण कोरियाबीच रोजगार अनुमति प्रणाली (इपिएस) सम्झौता नवीकरणको गृहकार्य सुरु भएको छ । सियोलस्थित नेपाली दूतावासले नेपाली कामदारको वार्षिक कोटा, रोस्टर अवधि र उमेर बढाउन आग्रह गर्दै कोरियाली पक्षसँग छलफल गरिरहेको छ ।

सन् २००८ देखि सरकार-सरकारबीचको सम्झौताअनुसार नेपाली कामदारहरू कोरिया गएका छन्। पछिल्ला केही वर्षदेखि नेपाली कामदार लैजाने र जान नपाएकाहरू नेपालमा आन्दोलनमा उत्रिएको अवस्थामा इपिएस सम्झौता नवीकरणको छलफल सुरु भएको हो। इपिएस ग्वार्कोका एक अधिकारीले नेपालले कोटा, उमेर र रोस्टर अवधि थप गर्न आग्रह गरिरहेको मध्यान्ह दैनिकलाई बताएका छन् ।

गत वर्ष नेपालले निर्माण क्षेत्रका लागि ३ हजार ५ सय, कृषि तथा पशुधन क्षेत्रका लागि १ हजार ८ सय गरी ५ हजार ३ सय कोटा पाएको थियो। भाषा परीक्षामा करिब एक लाख नेपाली सहभागी हुने गरेका छन् । त्यसको तुलनामा नेपाललाई प्रदान गरिएको कामदार कोटा न्यून भएको देखिएको छ । दक्षिण कोरियामा >>> पृष्ठ २ मा

## कतारमा लाइसेन्स बिना सवारी चलाए तीन वर्ष कैद

**काठमाडौं/मस–** कतारले लाइसेन्स बिना सवारी चलाए तीन वर्ष कैद वा ५० हजार जरिवाना हुने व्यवस्था गरेको छ। कतारी ड्राइभिङ लाइसेन्स नै नभएका व्यक्तिहरूका हकमा नयाँ व्यवस्था लागू हुने बताइएको छ ।

कतारको गृह मन्त्रालयले दिएको जानकारी अनुसार लाइसेन्स बिना सवारी चलाउनु गम्भीर ट्राफिक अपराध भन्दै उक्त कसुर मिलापत्र वा सहमतिबाट समाधान हुन नसक्ने बताएको छ । मन्त्रालयका कैद र जरिवानाको नयाँ नियम मान्यताप्राप्त कतारी ड्राइभिङ लाइसेन्स नहुने व्यक्तिहरूमा सहित वैधानिक लाइसेन्स भए पनि जाँचका >>> पृष्ठ २ मा

# उपमेयरको काँधमा महानगर








**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

पौने चार वर्षअघि स्थानीय तह निर्वाचनको सरगर्मी सुरु हुँदा सुनिता डंगोलले काठमाडौं महानगरको मेयरमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेकी थिइन् । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग भेटेपछि भने उनी सो पार्टीबाट उपमेयर उठ्न तयार भइन्। २०७९ को निर्वाचनमा मेयर बालेन्द्र शाहभन्दा झण्डै ७ हजार अधिक ६८ हजार ६१२ मत ल्याएर उनी निर्वाचित पनि भइन् ।

सुनिताको काठमाडौंको मेयर बन्ने आकांक्षा भने कार्यबहाक नै सही चार वर्षमै पूरा भएको छ। मेयर बालेन शाहले पाँच वर्ष कार्यकाल पूरा नगरेरै प्रतिनिधिसभा निर्वाचन लड्न राजीनामा गरेपछि उनी स्वतः कार्यबहाक मेयर बनेकी हुन्। स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा मेयरले पदबाट राजीनामा दिए उपमेयरले स्वतः कार्यवाहक पाउने व्यवस्था छ । कार्यवहाक मेयरको जिम्मेवारी पाएपछि डंगोलको सक्रियता पनि बढेको छ ।

त्यसो त, बालेन मेयरछँदै पनि उनी सार्वजनिक सभासम्मेलनमा धेरै देखिन्थिन् । आफू सहभागी हुनैपर्ने बाहेकका अधिकांश कार्यक्रममा जान बालेनले रुचि देखाउँदैनथे । महानगरबासीका गुनासा सुन्न पनि मेयरभन्दा धेरै उपमेयर डंगोल नै सक्रिय थिइन् ।

महानगरमा सुरुका दुई वर्ष मेयर बालेन र उपमेयर डंगोलबीच राम्रो सम्बन्ध थियो । उनीहरुले आपसी समन्वय गरेरै काम गरेका थिए । तर, मेयर बालेनको एमाले अध्यक्ष ओलीसँग सार्वजनिक कटाक्ष र भनाभनपछि बालेन-सुनिता सम्बन्ध पनि चिसिँदै गयो । महानगरसभामा समेत मेयर बालेन एक्लिन पुगेका थिए । ५ माघमा राजीनामा पठाएर रास्वपा कार्यालय पुगेका बालेनलाई महानगरमा विदाई कार्यक्रम राखेर उपमेयर डंगोलले पर्खेकी थिइन् । तर, उनी महानगर नछिरेरै जनकपुर उडेका थिए। रास्वपाबाट भावी प्रधानमन्त्री प्रस्तावित बालेन झापा-५ बाट निर्वाचन लड्दैछन् । जहाँ एमाले अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री ओली पनि उम्मेदवार छन् ।

काठमाडौंजस्तै बागमतीकै अर्को महानगर भरतपुर पनि उपमेयर चित्रसेन अधिकारीले हाँक्नुपर्ने स्थिति आएको छ । मेयर रेनु दाहाल चितवन-३ बाट प्रतिनिधिसभा सदस्य चुनाव लड्न गएपछि अधिकारी >>> पृष्ठ २ मा

### ८८ वर्षीय मदन आचार्यको स्वतन्त्र उम्मेदवारी

# संसद्बाट नीतिगत सुधारमा योगदान गर्ने हुटहुटी

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १६ माघ



मुलुक प्रतिनिधिसभाको निर्वाचनमा होमिएसँगै पूर्वप्रशासक मदनदेव आचार्यको मनमा एकाएक सांसद बन्ने हुटहुटी जाग्यो । राजनीति र प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्ट नीतिलाई सुधार गर्न संसद्बाटै आवाज उठाउनुपर्ने सोचेर उनले काठमाडौं क्षेत्र नम्बर ४ बाट मनोनयन दर्ता गराएका छन् ।

८८ वर्षीय स्वतन्त्र उम्मेदवार आचार्य अहिले मुलुकमा नीतिगत सुधारको एजेन्डासहित मतदातामाझ छन् । आचार्यलाई प्रतिनिधिसभामा पुगेर नीतिगतरूपमा मुलुकलाई सबल बनाउन सहयोग गर्ने अन्तिम इच्छा छ । संसद्बाटै देश निर्माणको खाकासहित आफ्नो अनुभव राज्यलाई सुनाउने आफ्नो उद्देश्य रहेको आचार्य बताउँछन् ।

जागिरे जीवनमा गरेका काम र भोगेका कुराबाट प्राप्त अनुभवलाई उपयोग गर्दै आफ्नै खर्च गरेर राज्यलाई सहयोग गर्ने जोशका साथ संसद् छिर्ने दृढताकासाथ आचार्य चुनावमा होमिएका हुन् । 'मलाई राजनीतिप्रति रुचि थिएन, तर मुलुकको अवस्था देखेर यो उमेरमा चुनाव लड्ने जोश जाग्यो', उनले भने, 'आफ्नै खर्च गरेर फलको आशा नगरी चुनावमा होमिएको छु । एक पटक मलाई सदनमा बोल्न मन छ । यो देश र जनताका लागि हो, मेरा लागि होइन ।'

सांसदले नीति निर्माणको तहमा काम गर्नुपर्ने भएपनि पछिल्लो पटक सांसदका उम्मेदवारहरू वडास्तरिय योजना बाँडेर जनता ढाँट्न गइरहेको आचार्यले टिप्पणी गरे । मध्यान्हसँगको कुराकानीमा उनले भने, 'मलाई केही मान्छेहरू सोध्छन्- यो वडाका लागि के गर्नुहुन्छ ? मैले वडाका लागि वा क्षेत्रका लागि केही गर्दिनँ, मैले त देशका लागि नीतिगत सुधारको काम गर्ने हो ।'

उनी राजनीतिक दलभन्दा माथि उठेर राष्ट्रहितको विषयमा सधैं चिन्तित छन् । बुढेशकालमा पनि चनाखो बोली, चलायमान शरीर र स्मरण क्षमता त्यत्तिकै सबल छ उनीमा । आफू बदमासी नगर्ने, बदमासी गर्नेहरूप्रति खरो रूपमा जाइलाग्ने, कसैको एक पैसा नखाने आचार्यको पारिवारिक जीवन पद्धति नै हो । 'पिताजी र हजुरबुबाले पनि कहिल्यै कसैमाथि अन्याय गर्नुभएन, अन्याय हुनबाट रोक्नुभयो', 'मैले पनि त्यही गर्दै आएँ, कसैको एक पैसा खानुपरेन, बरु कतिले मेरो खाएर गए, मलाई पुगेकै छ ।'

सरकारी क्षेत्रमा हुने बेथिति र भ्रष्टाचार रोकेर मुलुकलाई समृद्धिको बाटोमा लैजाने योजना संसद् हलबाट प्रस्तुत गर्ने र सरकारलाई निःस्वार्थ सहयोग गर्नकै लागि यो उमेरमा आफू सदनमा जाने जमर्को गरेको उनी बताउँछन् । लामो अनुभव, क्षमता र राष्ट्रहितमा निःस्वार्थ काम गर्ने उद्देश्यकै कारण आफूलाई मतदाताले काठमाडौं क्षेत्र नम्बर ४ बाट जिताएर पठाउनेमा उनी आशावादी छन् ।

१६ वर्षकै उमेरमा केआइसी पार्टीको काठमाडौं उत्तरी शाखा सभापति भएर काम गरेका आचार्यलाई राजनीतिप्रतिको रुचि त्यसैबेला नै हराएको थियो । राजनीतिमा लागेपछि झुट बोल्नु पर्ने, परिआएको खण्डमा जे पनि गर्नुपर्ने, भन्नुपर्ने भएकाले राजनीतिप्रति मन मरेको उनले बताए । त्यसैकारण उनी बिकम सम्मको अध्यायान सकेर सरकारी नोकरीमा प्रवेश गरे । २०१७ सालमा सरकारी कर्मचारी भएका आचार्यले परराष्ट्र, स्वास्थ्य, अर्थलगायत विभिन्न मन्त्रालयमा रहेर काम गरे । उच्च पदस्थ कर्मचारी (सचिव) बाट पेन्सन पकाएर उनी २०३७ सालमै अवकास भएका थिए ।

त्यसयता आचार्यले आफ्नै व्यवसायमा लामो समय खर्चिए । सामाजिक क्षेत्रमा पनि उनको योगदान त्यत्तिकै छ । स्वास्थ्य उपचार गर्न नसकेर अलपत्र परेका बिरामी हुन् वा सामान्य खर्चको अभावमा पढ्न नपाएका बालबालिकालाई उनी सहयोगी बन्दै आएका छन् ।

आचार्य परिवारका सदस्यले सरकारले दिने ज्येष्ठ नागरिक भत्ता समेत राज्यलाई नै फिर्ता गर्दै आएका छन् । ज्येष्ठ नागरिक भत्ता गरिब दुःखीलाई दिने हो, सक्ने मान्छेहरुलाई आवश्यक नभएको उनको सुझाव छ । 'कर्मचारीको तलब बढाएर भ्रष्टाचार कम गर्न सकिन्छ, सशस्त्र प्रहरीलाई सुन्तला, लप्सीलगायत फलफूल खेतीमा लगाएर आर्थिक समृद्धि हासिल गर्न सकिन्छ', आचार्यले योजना सुनाए, 'अहिले १ किलोमिटर सडक बनाउँदा गरिएको खर्चले १० किलोमिटर बनाउन पुग्छ । आफ्ना अनुभव र मुलुक निर्माणको यीनै योजना सुनाउन सदन छिर्न चाहान्छु', उनले भने ।

# कांग्रेस जिताउन उम्मेदवारी फिर्ता लिएँ : बाबुराम आचार्य



**काठमाडौं / मस-** आगामी प्रतिनिधिसभाको निर्वाचनका लागि काठमाडौं-१ बाट स्वतन्त्र उम्मेदवारी दिएका नेपाली कांग्रेसका नेता बाबुराम आचार्यले पार्टीका आधिकारिक उम्मेदवारलाई जिताउन सहयोग गर्ने बताएका छन् । कांग्रेसका शीर्ष नेता प्रकाशमान सिंहले निरन्तर जित्दै आएको यो क्षेत्रबाट नेता आचार्य मुख्य दाबेदार थिए ।

तर पार्टीले प्रबल थापालाई टिकट दिएपछि उनले आफूलाई अन्याय भएको भन्दै स्वतन्त्र उम्मेदवारी दिएका थिए । पार्टीको क्षेत्रीय समिति र जिल्ला समितिले आचार्यको नाम प्रकाशमान सिंहसँगै सिफारिस गरेको थियो । कांग्रेसको विशेष महाधिवेशनबाट आएको नयाँ नेतृत्वले आचार्यलाई पछि पार्दै थापालाई टिकट दिएको हो ।

देशको बदलिंदो राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै पार्टी सभापति गगन थापासमेतले पार्टीका आधिकारीक उम्मेदवारलाई सहयोग गर्न अनुरोध गरेपछि उम्मेदवारी फिर्ता लिएको आचार्यले बताए । 'कांग्रेसको जितका लागि पार्टी सभापति गगन थापासमेतको आग्रहमा उम्मेदवारी फिर्ता लिएँ', उनले भने, 'प्रकाशमान सिंहपछि यस क्षेत्रमा मेरो बलियो दाबेदारी थियो । तर पार्टीले प्रबलजीलाई टिकट दियो । मैले लोकतन्त्रवादीको जित हुनुपर्छ भनेर फिर्ता लिएको हुँ । अब उहाँ (प्रबल)ले कसरी हामीलाई परिचालन गर्नुहुन्छ त्यो उहाँको कुरा हो ।'

पार्टीलाई राम्रो परिचालन गर्न सक्दा काठमाडौं क्षेत्र नम्बर १ मा कांग्रेसको जित हुने उनको भनाइ छ । यद्यपि उम्मेदवारले चुनावलाई कसरी हाँक्छन् भन्ने कुराले अर्थ राख्ने भन्दै नेता आचार्यले भने, 'मैले पार्टी जिताउन सहयोग त गरिहाल्छु । तर उम्मेदवारको भूमिका कस्तो हुन्छ त्यसैमा निर्भर रहन्छ ।' नेता आचार्य २५ वर्षदेखि कांग्रेसको सक्रिय राजनीति छन् । पूर्वप्रधानमन्त्री एवं पूर्वसभापति सुशील कोइरालासँग निकट भएर काम गरेका आचार्यले आफ्ना आदर्श नेताहरू सुशील कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंहलगायतको त्यागको आफूले अनुसरण गरेको बताएका छन् ।

# रौतहटमा सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक सचेतना

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, १६ माघ




रौतहटको चन्द्रपुर नगरपालिकास्थित दुई प्रतिष्ठित शैक्षिक संस्थामा सडक दुर्घटना न्यूनीकरण लक्ष्यसहित विशेष ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ । सडक दुर्घटनाविरुद्ध युवा अभियान-२०८२ अन्तर्गत शहीद दिवस तथा विद्यालयको वार्षिक खेलकुद सप्ताहको अवसर पारेर शुक्रबार बालनिकेतन माध्यमिक विद्यालय र मुनलाइट एकेडेमीमा छुट्टाछुट्टै कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले सडक सुरक्षा, ट्राफिक नियमको महत्व र दुर्घटना न्यूनीकरणका उपायबारे जानकारी गराए । उनले पछिल्लो समय बढ्दो सवारी चाप र असावधानीका कारण दुर्घटना बढिरहेको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्न युवा विद्यार्थी, अभिभावक र विद्यालयको भूमिका अत्यन्तै महत्वपूर्ण हुने बताए ।

सचेतना कार्यक्रममा सडकमा हिँड्दा र बाटो काट्दा अपनाउनुपर्ने सावधानी, सवारी साधन चलाउँदा पालना गर्नुपर्ने आधारभूत ट्राफिक नियम, तीव्र गति, मादक पदार्थ सेवन तथा लापरवाहीपूर्ण ड्राइभिङबाट उत्पन्न हुने जोखिमबारे विस्तृत जानकारी दिइएको थियो । साथै, विद्यालय तहबाटै सडक अनुशासन र जिम्मेवार नागरिकताको संस्कार विकास गर्ने उद्देश्यले 'सडक दुर्घटनाविरुद्ध युवा अभियान-२०८२' सञ्चालन गरिएको जानकारी गराइएको थियो । बालनिकेतन माध्यमिक विद्यालय र मुनलाईट एकेडेमीमा आयोजित कार्यक्रममा प्रधानाध्यापक, शिक्षक-शिक्षिका, कर्मचारी, सयौं विद्यार्थी, अभिभावक तथा स्थानीय सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

शहीद दिवसको अवसरमा सम्पन्न यस कार्यक्रमले खेलकुदमार्फत विद्यार्थीमा अनुशासन विकास गर्नुका साथै सडक सुरक्षा जस्तो गम्भीर विषयमा प्रत्यक्ष जानकारी दिएर नागरिक जिम्मेवारीको बोध गराएको सहभागीहरूले प्रतिक्रिया दिएका छन् । ट्राफिक प्रहरीले पछिल्लो समय चन्द्रपुर क्षेत्रका विद्यालय तथा सार्वजनिक स्थानहरूमा यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

## देशभर...

यी उदाहरण मात्र हुन् । देशभर पहिचान नभएका यस्ता १ हजार २ सय ७२ बेवारिसे शव भेटिएका छन् । जसलाई प्रहरीले पहिचान नखुलेको सूचीमा राखेको छ । ती शवहरु पहिचानको पर्खाइमा सम्बन्धित जिल्ल अस्पतालका शवगृहमा छन् । भेटिएका शवमा आठ वर्षको बालकदेखि ९५ वर्षका वृद्धवृद्धासम्मका छन् । धेरै त क्षतविच्छेद अवस्थामा भेटिएका थिए । उनीहरुको पहिचान खोल्न नेपाल प्रहरीले वेवसाइटमा राखेर पनि पहल गरेको छ । वेवसाइटमा २०८० माघ १० गते पहिलो पटक शवको हुलिया राखिएको थियो ।

प्रहरी प्रवक्ता डीआईजी अविनारायण काफ्ले २०७८ सालदेखिको बेवारिसे शव अहिले पनि रहेको बताउँछन् । 'बेवारिसे अवस्थामा शव भेटिन्छन्, ती शवहरूको मुचुल्का तयार पारेर पहिचानका लागि वेवसाइटमा राखिएको छ,' उनले भने, ' शव धेरै समय राख्न मिल्दैन, स्थानीय र जनप्रतिनिधिको रोहवरमा विधिअनुसार अन्त्येष्टि गरिन्छ ।' बेवारिसे शवको पहिचान गर्न परिवार नआएको उनले बताए ।

पहिचान नभएको तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका २०७८ अनुसार प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागअन्तर्गत पहिचान नभएको तथा बेवारिसे शव सूचना संकलन र व्यवस्थापन केन्द्र रहेको छ ।

पहिचान नभएका तथा बेवारिसे शवबाट प्राप्त भौतिक सबुद परीक्षण गर्ने वा गर्न लगाउने, वैज्ञानिक अभिलेख, भेटिएको फोटोसहितको विवरण सार्वजनिक गरी हकवाला वा आफन्त पहिचान हुन सकेमा सम्बन्धित हकवाला वा आफन्तलाई हस्तान्तरण गर्ने निर्देशिका छ ।

त्यस्तै, शवको व्यवस्थापन गर्न स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वयका तथा विज्ञद्वारा आवश्यक परीक्षण गरी गराई शवको पहिचान गर्ने, अन्त्येष्टि नभएको शव हस्तान्तरण गर्ने, अन्त्येष्टि भइसकेको भए सोको विवरण उपलब्ध गराउने निर्देशिका छ ।

त्यस्तै, पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन सम्भव भएसम्म अन्तर्राष्ट्रिय मापदण्डअनुरूप १२ वर्षसम्म सुरक्षित रहन सक्नेगरी गर्नुपर्नेछ निर्देशिकामा उल्लेख छ । निर्देशिकाबमोजिम पहिचान नभएका तथा बेवारिसे शव सम्बन्धित प्रहरी कार्यालयले समितिको निर्णयबमोजिम स्थानीय जनप्रतिनिधि तथा सम्बन्धित क्षेत्रका सामाजिक संघसंस्थाको रोहवरमा स्थानीय तहको समन्वयमा अन्त्येष्टि गरी सोको विवरण राख्नुपर्नेछ ।

निर्देशिकाबमोजिम सिकाइ प्रयोजनका लागि शिक्षण अस्पताललाई हस्तान्तरण गरिएको शवको हकमा सिकाई कार्य सम्पन्न भएपश्चात् सम्बन्धित शिक्षण संस्थाले उपदफा (१) बमोजिम अन्त्येष्टि गर्नुपर्ने उल्लेख छ ।

## बन्दै...

पदाधिकारीले आफ्नो, तलब, भत्ता तथा सुविधा आफैंले निर्धाण गरी लिन हुँदैन । आफैंले निर्धाण गरी लिएको रहेछ भने राष्ट्रिय सतर्कता केन्द्रले सो रकम असुलउपर गरी सोबराबरको रकम जरिमाना गर्नुपर्नेछ ।'

स्वार्थको द्वन्द्वसम्बन्धी कानुन बनेपछि सार्वजनिक पदाधिकारीको स्वार्थको द्वन्द्व नियन्त्रण भएर पारदर्शी र जवाफदेही प्रशासन सुनिश्चित हुने सरोकारवालाको विश्वास छ । प्रस्तावित विधेयकको मस्यौदामा कुनै पनि सार्वजनिक पद ग्रहण गर्ने व्यक्तिले त्यस्तो पद पाउनुअघि र पाइसकेपछि आफ्नो स्वार्थको क्षेत्रबारे लिखित रूपमा जानकारी दिनुपर्नेलगायतका प्रावधान समेटिएका छन् ।

सार्वजनिक पदमा नियुक्त, मनोनीत र निर्वाचित हुने कुनै पनि व्यक्तिले आफ्नो व्यक्तिगत वा पारिवारिक स्वार्थ केके विषयमा छन् भन्ने कुराको समेत जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्ने प्रावधान पनि राखिएको छ ।

व्यक्तिले आफ्नो स्वार्थका सम्बन्धमा पेस गरेको सूचीलाई सम्बन्धित कार्यालयले सार्वजनिक गर्नुपर्ने प्रावधान पनि छ । जसले कुन कार्यलयका कुन अधिकारीको स्वार्थ जोडिएको विषय हो भन्ने विषयमा आमनागरिकलाई समेत जानकारी प्रदान गर्दछ ।

प्रस्तावित विधेयकमा स्वार्थको द्वन्द्वलाई परिभाषित गरिएको छ । परिभाषा खण्डमा भनिएको छ, 'कुनै सार्वजनिक पदाधिकारीले कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा पदीय हैसियतमा सम्पादन गर्नुपर्ने कार्य वा जिम्मेवारी र निजको निजी स्वार्थ बाझिएको अवस्थामा सम्झनुपर्छ ।'

## दक्षिण...

रोजगारी पाउने वास्तविक संख्या रोजगारदाताको माग र रोस्टरबाट अन्तिम छनोटमा निर्भर पर्ने गरेको छ । अघिल्ला वर्षहरूमा परीक्षा उत्तीर्ण गरेकाहरू अझै पनि जान पाएका छैनन् ।

इपिएसका लागि कोरियाली भाषा परीक्षा दिन र प्रणालीमा प्रवेश गर्न नेपाली आवेदकहरुको उमेर न्यूनतम १८ वर्ष र अधिकतम ३९ वर्ष तोकिएको छ । नेपालले तल्लोभन्दा माथिल्लो उमेर हद बढाउन आग्रह गरेको छ । भाषा परीक्षा, मेडिकल फिट, असल चालचलन रिपोर्टलगायत तोकिएका विषयमा उत्तीर्ण सर्तहरू पूरा गरेकाहरूलाई एचआरडी कोरियामा पठाएपछि कोरियाली रोजगारदाताहरूले छनोट गर्ने गरेका छन् ।

तर रोस्टर अवधि सामान्यतया लगभग १ वर्षका लागि मान्य गरिएको छ । तोकिएको एक वर्षको अविधमा भाषा परीक्षा पास गरेका सबै छनोटमा नपर्दा उनीहरूको नाम रोस्टरबाट हट्ने र रोजगार आकांक्षीको वर्षौंको मिहिनेत, लगानी र उर्वर समय खेर जाने गरेको छ ।

हाल मुलुकभरको परीक्षा काठमाडौंमा मात्रै हुने गरेको छ । मुलुक संघीय संरचनामा रहेको, तर कोरिया भाषा परीक्षा काठमाडौंबाट गर्दा अमिल्दो देखिनुका साथै खर्चपनि धेरै हुने विषयलाई सम्झौतामा ध्यान दिनुपर्ने आवाज उठेको छ ।

इपिएस प्रणालीअन्तर्गत नेपालसहित १७ देशका कामदार दक्षिण कोरिया जाने गरेका छन् । कोटा, उमेर र रोस्टर अवधि परिवर्तनको माग नेपालबाट मात्रै उठेका कारण कोरियाले एक देशलाई मात्रै हेरेर नियम परिवर्तन नगर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कतिपय अधिकारीहरू बताउँछन् ।

## कतारमा...

बेला कार्ड साथमा नराखेका चालकले 'मेत्राश' एपमार्फत लाइसेन्स पुष्टि गर्न सक्ने सहुलियत दिइएको छ ।

नेपाली चालकहरूले कतारमा लाइसेन्स लिन पूर्ण ड्राइभिङ परीक्षा पास गर्नुपर्छ । कतारी आवासीय अनुमति कार्ड आवासीय भिसासहितको पासपोर्ट, नेपाली ड्राइभिङ लाइसेन्सको प्रमाणित प्रति, आँखा परीक्षण प्रमाणपत्र, रोजगारदाताको स्वीकृति अनिवार्य छ । १८ वर्ष उमेर पुगेकाहरू हलुका सवारी साधन र २१ वर्ष उमेर पुगेकाहरू भारी सवारी साधनको परीक्षामा सहभागी हुन पाउँछन् ।

## उपमेयरको...

कार्यवहाक भएका हुन् । दाहाल र अधिकारी गत निर्वाचनमा एउटै गठबन्धनबाट निर्वाचित भएका हुन् । महानगरमा उनीहरुबीच राम्रो सम्बन्ध रह्यो । दाहाल २०७४ र २०७९मा भरतपुरको मेयर निर्वाचित भएकी थिइन् । उनी नेकपा संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डपुत्री हुन् । आफ्नो नेतृत्वमा भरतपुरमा उल्लेख्य विकासका कामहरु भएको दाहालको दावी छ ।

त्यस्तै, कोशी प्रदेशको धरान उपमहानगरको नेतृत्व पनि उपमेयरको काँधमा आइपुगेको छ । मेयर हर्क साम्पाङले प्रतिनिधिसभा सदस्य चुनाव लड्न राजीनामा दिएपछि उपमेयर आइन्द्र विक्रम बेघा कार्यवहाक मेयर भएका हुन् । साम्पाङ र आइन्द्रबीच कार्यकालभरी राम्रो सम्बन्ध रहेन् । कतिसम्म भने देशबाहिर जाँदा साम्पाङले कार्यवहाकसमेत उपमेयरको सट्टा वडाध्यक्षलाई दिएका थिए । त्यसको कारण खोल्दै भनेका थिए, 'मेयरलाई शुभयात्रा नभन्ने उपमेयरलाई किन कार्यवहाक दिने ?'

तीन तहको संघीयतामा स्थानीय तहलाई स्थायी सरकार मानिन्छ । तर, कार्यकाल पूरा नगरेरै बीचैमा अर्को चुनाव लड्न जाने प्रवृत्तिले संघीयतालाई कमजोर बनाउने राजनीतिशास्त्रीहरु बताउँछन् । संघीयता विद् खिमलाल देवकोटा स्थानीय तह होस् वा प्रदेश र संघीय संसद्का जनप्रतिनिधिले आफ्नो कार्यकाल पूरा गर्नु नै इमान्दारिता हुने बताउँछन् । 'पाँच वर्ष काम गर्ने बाचा गरेर गएपछि त्यो पूरा गर्नुपर्छ । एउटा कार्यकाल राम्ररी पूरा नगर्ने प्रतिनिधिले अर्को जिम्मेवारी राम्ररी पूरा गर्छ भन्ने विश्वास गर्न सकिँदैन' उनले भने ।

**Cyprus मा रोजगार** | १. कम्पनी: **Chriso Younkhan Private Labour Office**, Limassol, Cyprus
पूर्व स्वीकृती मिति २०८२।०३।१७ | चलानी नं. ६०२४०४४९ | LT.No. 326459 | सेवा शुल्क रु. ३५,०००/- | पून:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 15 | स.काममा दक्ष | 400 | ७०,९८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**2. Sonia Mouradian Private Employment Agency**, Limassol, Cyprus | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।११।०१ | चलानी नं. ६०२३३०२८ | LT.No. 318803 | सेवा शुल्क रु. ४५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ७०,९८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**3. Chriso Youkhan Private Labour Office**, Limassol, Cyprus | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।११।०१, | चलानी नं. ६०२३३०२९, | LT.No. 318720 | सेवा शुल्क रु. ३५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ७०,९८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**4. Chriso Youkhan Private Labour Office**, Limassol, Cyprus | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।११।०१, | चलानी नं. ६०२३३०३०, | LT.No. 318719 | सेवा शुल्क रु. ३५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ७०,९८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**5. E.G. Estia Cyprus Private Employment Agency & Immigration Services**, Paphos, Cyprus | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।०९।१९ | चलानी नं. ६०२३०९९५ | LT.No. 316390 | सेवा शुल्क रु. ४५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | - | 04 | स.काममा दक्ष | 700 | १२२,८१५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**6. Global Tree Recruitment Ltd, Paphos, Cyprus** | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।०९।१९ | चलानी नं. ६०२३०७९१ | LT.No. 316346 | सेवा शुल्क रु. ४५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | - | 02 | स.काममा दक्ष | 800 | १४०,३६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**7. E.C. ILLUMINATE Lic No-481, Paphos, Cyprus** | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।०५।०९ | चलानी नं. ६०२४००४१ | LT.No. 309399 | सेवा शुल्क रु. ३५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | स.काममा दक्ष | 400 | ७०,९८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**8. Global Tree Recruitment Ltd, Paphos, Cyprus** | पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८१।०९।१९, | चलानी नं. ६०२३०९९६, | LT.No. 316313 | सेवा शुल्क रु. ४५,०००/-

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 02 | 12 | स.काममा दक्ष | 750 | १३१,५९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | माथी छ । |

अन्तर्वार्ता २०८२ माघ २४ गते (7 February, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।

**Shalma H. R. Overseas Pvt. Ltd.**
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com
Gov. Lic. No. 1111/073/74

# समाजवादको नयाँ सन्देश दिन रुकुम पूर्वबाट उम्मेदवार बनें : प्रचण्ड



**काठमाडौं/मस-** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा गणतन्त्रको घोषणा गर्ने थलोको रूपमा रहेको रुकुम पूर्वमा समाजवाद निर्माणको सन्देश दिन आफू उम्मेदवार बनेको बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित रुकुम पूर्वका कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा उनले यस्तो बताएका हुन् । उनले रुकुम पूर्व नेपालको गणतान्त्रिक आन्दोलनको निर्णायक केन्द्र भएको उल्लेख गरे । पूर्वी रुकुमको चुनवाङ बैठकबाट नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने निष्कर्ष निकालिएको स्मरण गर्दै उनले चुनवाङ बैठकले महिला, जनजाति, मधेसी, थारु लगायत उत्पीडित समुदायलाई पहिचानसहित अधिकार दिने उद्घोष गरेको बताए । चुनवाङ बैठक नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय रूपमा समेत परिचित रहेको उनको भनाइ छ ।

संयोजक दाहालले रुकुमपूर्वकै लवाङ बैठकमा पार्टीभित्र एतिहासिक विचारधारात्मक बहस भएको पनि स्मरण गरे । हाल देश जेनजी आन्दोलनपछि जटिल अवस्थामा रहेको उनको भनाइ छ । राष्ट्रलाई एकताबद्ध गर्ने, कम्युनिष्ट आन्दोलनलाई नयाँ उचाइ दिने र देशभर समाजवाद निर्माणको नयाँ सन्देश प्रवाह गर्न रुकुम पूर्व उपयुक्त थलो भएको उनले बताए । उनले सोही कारण आफू आगामी फागुन २१ गते हुने निर्वाचनको लागि रुकुम पूर्ववाट उम्मेदवार बनेको बताए । रोल्पाबाट पहिले नै निर्वाचन लडिसकेकाले यसपटक रुकुम पूर्व रोजेको उनको भनाइ छ ।

उनले भने, 'रुकुम पूर्वको विशेषता के छ भने पूर्वी रुकम नै त्यस्तो जिल्ला हो, जहाँबाट नेपालमा गणतन्त्र अब कसैले रोक्न सक्दैन भनेर निष्कर्ष निकालिएको थियो र त्यो घोषणा गरिएको थियो । रुकुमको चुनवाङ बैठक । तपाईं हामी सबैलाई गर्व छ, चुनवाङप्रति । त्यो चुनवाङ खाली नेपालमा मात्रै परिचित छैन, त्यसले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको ढोका खोलेको हो । त्यो संसारभरि पनि परिचित छ । जहाँबाट महिला, जनजाती, मधेशी, थारुलगायत सबै उत्पीडित समुदायका लागि समावेशी र पहिचानसहित अधिकार दिनेगरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल पुऱ्याउने उद्घोष गरिएको थियो । रुकुम पूर्व त्यस्तो जिल्ला पनि हो जहाँ हाम्रो पार्टीभित्र त्यतिबेला चलेको विचारधारत्मक संघर्ष, निकै ठुलो बहस चलेको थियो । त्यो बैठक पनि हाम्रो पार्टीले इतिहासमा एउटा अविस्मरणीय बैठक भयो, त्यसलाई हामी लवाङ बैठक भन्छौं । देश खासगरी जेनजी आन्दोलन भदौ २३ को र २४ को विध्वंशपछि असाधारण जटिल परिस्थितिबाट गुज्रिएको छ । राष्ट्र निकै ठुलो अफठ्यारोमा छ । त्यसकारण राष्ट्रलाई एकताबद्ध गर्ने, अनि आन्दोलनलाई एउटा नयाँ उचाइ दिने र देशभरि समाजवाद निर्माणको एउटा नयाँ सन्देश दिने उपयुक्त थलो कुन हुनसक्छ भन्दा हाम्रो पार्टीले र मैले रुकुम पूर्व नै त्यस्तो ठाउँ हुनसक्छ भनेर आएँ । किनकि रोल्पामा म पहिले नै चुनाव लडिसकेको थिएँ ।'

उनले आफू तेस्रो पटक प्रधानमन्त्री हुँदा जनयुद्धका शहीदहरूलाई राष्ट्रिय शहीद घोषणा गरी औपचारिक तथा कानुनी मान्यता दिएको उल्लेख गरे । यद्यपि त्यसको कार्यान्वयनका लागि विधेयक बने पनि पूर्ण रूपमा लागू हुन बाँकी रहेको उनले बताए ।

## अर्थ मन्त्रालयको दोस्रो त्रैमासिक कार्यप्रगति

# पुँजीगत खर्च घट्यो राजस्वमा डेढ खर्बको खाडल

**काठमाडौं/मस-** अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८/८३ को दोस्रो त्रैमासमा सम्पन्न गरेका कामकारबाही र उपलब्धि सार्वजनिक गरेको छ ।




मन्त्रालयले बजेट कार्यान्वयन, राजस्व व्यवस्थापन, कानुनी सुधार, वित्तीय संघीयता, वित्तीय क्षेत्र सुधार, योजना-अनुगमन र प्रशासनिक व्यवस्थापनसम्बन्धी विस्तृत प्रगति विवरण सार्वजनिक गर्दै राज्यकोष व्यवस्थापन, निर्वाचन खर्च, राजस्व प्रशासन सुदृढीकरण तथा सुशासन प्रवर्द्धनमा केन्द्रित प्रयास अघि बढाएको जनाएको छ ।

मन्त्रालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको ४६ दशमलव ०६ प्रतिशत बजेट खर्च भएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १० दशमलव ७५ प्रतिशतले बढी हो ।

चालु आवका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट विनियोजन गरेकामा पुस मसान्तसम्म नौ खर्ब चार अर्ब ६४ करोड ४३ लाख रुपैयाँ खर्च भएको छ । चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ विनियोजन भएकोमा ४० दशमलव ८२ प्रतिशत अर्थात् चार खर्ब ८२ अर्ब १० करोड ८० लाख रुपैयाँ र पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रुपैयाँ विनियोजन भएकोमा ११ दशमलव ६६ प्रतिशत अर्थात् ४७ अर्ब ५४ करोड ४० लाख रुपैयाँ खर्च भएको जनाइएको छ ।

गत आवको तुलनामा यस अवधिको कुल चालु खर्च तीन दशमलव ३५ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च चार दशमलव ८६ प्रतिशतले घटेको छ । यस्तै, वित्तीय व्यवस्थातर्फको खर्च ५३ दशमलव २९ प्रतिशतले बढेको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

विवरणअनुसार पुँजीगत खर्चमा कमजोर मात्र नभई राजस्व संकलनमा पनि ठुलो चाप देखिएको छ । चालु आवका लागि सरकारले कुल १४ खर्ब ४० अर्ब रुपैयाँको राजस्व उठाउने लक्ष्य राखेको छ भने पुस मसान्तसम्ममा सात खर्ब ११ अर्ब २० करोड ७९ लाख रुपैयाँ राजस्व उठाउने भनिएको थियो, तर यस अवधिमा पाँच खर्ब ८१ अर्ब ४० करोड ७२ लाख रुपैयाँ बराबर मात्रै राजस्व उठेको छ । जुन लक्ष्यभन्दा एक खर्ब २९ अर्ब ८० करोड रुपैयाँ कम हो ।

यस्तै, बेरुजु फछ्र्यौटमा पनि अर्थ मन्त्रालय कमजोर देखिएको छ । मन्त्रालयको कुल एक खर्ब २५ अर्ब रुपैयाँ बेरुजु रहेकामा यस अवधिमा आठ अर्ब रुपैयाँ मात्र फछ्र्यौट भई एक खर्ब १७ अर्ब रुपैयाँ कायम भएको प्रगति प्रतिवेदनमा उल्लेख छ । जुन छ दशमलव चार प्रतिशतको प्रगति हो ।

प्रतिनिधिसभा र राष्ट्रियसभ निर्वाचन व्यवस्थापनमा केन्द्रित स्रोत सहमति र निकासालाई मन्त्रालयले प्राथमिकता दिएको देखिन्छ । आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगलाई गत कात्तिक १८ मा रू चार अर्ब ९६ करोड ६६ लाख र गत मंसिर २० मा थप एक अर्ब ७७ करोड ९० हजार रुपैयाँ गरी कुल छ अर्ब ७३ करोड ६६ लाख ९० हजार रुपैयाँ बराबरको स्रोत सहमति प्रदान गरिएको छ ।

यसैगरी, राष्ट्रिय अनुसन्धान विभागलाई दुई करोड ८० लाख रुपैयाँ र नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि चार करोड ४२ लाख ५० हजार रुपैयाँ बराबर स्रोत सहमति दिइएको छ । गृह मन्त्रालय तथा अन्तर्गतका निकायलाई प्रतिनिधिसभा निर्वाचनका लागि १० अर्ब ३९ करोड ३४ लाख ८० हजार रुपैयाँ बराबरको स्रोत सहमति प्रदान गरिएको छ भने नेपाली सेनालाई निर्वाचनकै लागि चालु खर्चतर्फ एक अर्ब ९४ करोड ६८ लाख ५५ हजार रुपैयाँको स्रोत सहमति दिइएको छ ।

यस्तै, राष्ट्रियसभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोगलाई चार करोड ३१ लाख ७९ हजार रुपैयाँ स्रोत सहमति प्रदान भई उक्त रकम निकासासमेत भइसकेको छ । प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगलाई गत पुस मसान्तसम्ममा कुल छ अर्ब ३१ करोड रुपैयाँ निकासा गरिएको मन्त्रालयले जनाएको छ ।

राजस्व व्यवस्थापनतर्फ सबै भन्सार कार्यालयमा 'ग्याट भ्यालुएसन' प्रणालीको पूर्ण पालना सुनिश्चित गर्न अनलाइन मूल्यांकन प्रणाली प्रारम्भ गरिएको जनाइएको छ । यस अवधिमा नेपाल-मौरिसस दोहोरो करमुक्ति सम्झौतासम्बन्धी विवाद समाधान गर्दै डोल्मा इम्प्याक्ट फण्डको पुँजीगत लाभमा करकट्टीको द्विविधा सम्बोधन गरिएको छ ।

यसैगरी, नेपाल-मौरिससबीचको दोहोरो करमुक्ति सम्झौता खारेज गरिएको र आयकर ऐन, २०५८ लागू हुनुअघि सम्पन्न सम्झौताबारे कूटनीतिक माध्यमबाट जानकारी गराइएको जनाइएको छ ।

भन्सार ऐन, २०८२ कार्यान्वयनमा ल्याइँदै भन्सार नियमावली, २०८२ को मस्यौदा कानुन मन्त्रालयमा पठाइएको छ । भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न गर्नुका साथै उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको मासिक बैठकमार्फत राजस्व चुहावट नियन्त्रणमा बहुपक्षीय समन्वय गरिएको छ ।

सेवा प्रवाहमा गुनासो व्यवस्थापन प्रणाली विकास गरिएको तथा हेलो सरकारलगायत माध्यमबाट प्राप्त गुनासो निरन्तर सम्बोधन गरिएको मन्त्रालयले जनाएको छ । यस्तै, गैरकर राजस्वका दर परिमार्जनमा विभिन्न निकायलाई सहमति प्रदान गरिएको छ । सार्वजनिक सेवा प्रवाहका कागजातमा आय टिकटको सट्टा हुलाक टिकट टाँस्ने व्यवस्था हटाइएको छ । सिरहाको रामकुमार शारदा उमाप्रसाद मुरारका अस्पतालको व्यक्तिका नाममा रहेको जग्गा निःशुल्क हस्तान्तरणका लागि पुँजीगत लाभकर छुट दिने निर्णय पनि यस अवधिको भएको प्रतिवेदनमा जनाइएको छ ।

कानुन तथा फैसला कार्यान्वयनतर्फ वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ संघीय संसद्मा दर्ता गराएको छ । भुक्तानी तथा फछ्र्यौट ऐन संशोधन, भन्सार नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, बहुवर्षीय आयोजनाको स्रोत सहमति मापदण्ड र सम्पत्ति शुद्धीकरण निवारण नियमावली स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित गरिएका छन् ।

यसैगरी मन्त्रालय विपक्षी भएका विभिन्न ५८ वटा रिट निवेदनमा लिखित जवाफ तयारी र प्रतिरक्षा गरिएको जनाइएको छ । एमसिसी कम्प्याक्टअन्तर्गतका कम्पनीलाई आयकर छुट, विभिन्न राजस्व छुटसम्बन्धी सूचना, नगद कारोबार सीमा निर्धारण, विदेशी मुद्रा निकासी-पैठारी प्रतिबन्धलगायत सूचना नेपाल राजपत्रमार्फत सार्वजनिक गरिएको र अदालतका २६ वटा आदेश तथा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको जनाइएको छ ।

वित्तीय संघीयता सुदृढीकरणतर्फ तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यान्वयनका लागि सबै तहका सरकारलाई पत्राचार गरिएको छ । अनुत्पादक खर्च कटौती, मितव्ययिता र आयोजना पुनःप्राथमिकीकरणसम्बन्धी मन्त्रिपरिषद् निर्णय स्थानीय तहसम्म कार्यान्वयनका लागि पठाइएको छ भने अन्तरसरकारी वित्त परिषद्को बैठकबाट २३ वटा निर्णय कार्यान्वयनका लागि पठाइएका छन् ।

यसैगरी, अर्थ मन्त्रालयले पछिल्लो छ महिनामा संविधानविपरीत स्थानीय तहले ढुवानीमा कर असुल नगर्न निर्देशन दिएको छ भने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट परिमार्जनसम्बन्धी प्रस्तावमा छलफल गरेको छ । सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशिका संशोधन र निर्देशक समितिको बैठक सम्पन्न गरेको छ ।

वित्तीय क्षेत्र विकास रणनीति २०८२/८३-२०८६/८७ मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । पाँच लाख रुपैयाँभन्दा माथिको नगद कारोबारमा प्रतिबन्ध, भारतीय मुद्रा आवतजावत सीमा परिमार्जन, नेप्से पुनःसंरचना समिति गठन, पुँजी बजार सुधार प्रतिवेदन कार्यान्वयन, सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानबापत नौ अर्ब ८० करोड रुपैयाँ निकासाजस्ता निर्णय कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ । यस्तै, विगुल र हेलो सरकारमार्फत प्राप्त ९१ गुनासो फछ्र्यौट गरिएको, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको मासिक प्रगति प्रणालीमा अद्यावधिक गरिएको, संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट ३२३ दरबन्दी कटौती भई २२ करोड बराबर दायित्व बचत र बेरुजु फछ्र्यौटमा ६ दशमलव ४ प्रतिशत प्रगति देखिएको मन्त्रालयले जनाएको छ ।

शंकर पोखरेलको दाबी

# 'ओलीलाई झापा-५ मा चुनाव जित्न कुनै जोखिम छैन'



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

नेकपा एमालेका महासचिव शंकर पोखरेलले पपुलिजम र एनार्किज्मका नाममा नेपाली समाजलाई विभाजित गर्ने दुष्प्रयास भइरहेको टिप्पणी गरेका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित राष्ट्रिय युवा परिषद्को प्रथम बैठकलाई सम्बोधन गर्दै महासचिव पोखरेलले यस्तो टिप्पणी गरेका हुन् । उनले जेनजी आन्दोलनका नाममा युवापुस्ताको भावनामाथि खेल्दै विदेशी शक्तिले देशमाथि प्रभाव जमाउने प्रयास गरिरहेको आरोप पनि लगाए ।

महासचिव पोखरेलले भदौ २३ र २४ गते भएका घटनाहरू जेनजी युवाहरूको आन्दोलनलाई अपहरण गरी देशविरोधी शक्तिले आफ्नो नियन्त्रणमा लिएको उदाहरण भएको टिप्पणी पनि गरे । उनले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन राष्ट्रका पक्षमा उभिने शक्ति र विदेशी इसारामा भूराजनीतिक द्वन्द्वको क्रिडास्थल बनाउने शक्तिबीचको द्वन्द्वको रुपमा हेरिनुपर्ने तर्क गरे । आगामी निर्वाचनलाई 'जलाउने' र 'बनाउने' शक्तिबीचको छनोटका रूपमा जनतामाझ लैजानुपर्ने आवश्यकता रहेको पनि बताए । मुलुकलाई जलाउने नभई बनाउने शक्तिले मात्रै देशलाई समृद्धिको बाटोमा लैजानसक्ने भन्दै उनले युवाहरूलाई त्यसको पक्षमा भूमिका खेल्न आह्वान गरे ।

महासचिव पोखरेलले अहिले राजनीतिक दलहरुसँगै राज्यसत्तामाथि भएको प्रहार देशभक्त नागरिकले गर्न नसक्ने भन्दै विदेशी शक्तिको हात रहेको आंशका गरे ।

महासचिव पोखरेलले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई झापा ५ मा निर्वाचनमा विजयी हुन कुनैपनि समस्या नरहेको दाबी गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहको सामाजिक सञ्जालमा हल्लाखल्ला भएपनि सो निर्वाचन क्षेत्रमा अध्यक्ष ओलीलाई जित्न समस्या नहुने उनको भनाइ थियो ।

महासचिव पोखरेलले झापा निर्वाचन क्षेत्र नम्बर ५ का मतदाता राजनीतिक रूपमा सचेत रहेकाले त्यहाँ लोकप्रियतावादको नाममा फस्ने कुनै सम्भावना रहेको पार्टीको निष्कर्ष रहेको समेत बताए । उनले राष्ट्रिय राजनीतिमा दाङको भूमिकालाई स्थापित गराउनका लागि पनि दाङका जनताले आफूलाई निर्वाचनमा विजयी गराउने विश्वास व्यक्त गरे ।

महासचिव पोखरेलले निर्वाचनमा आफ्नो पार्टीलाई पहिलो शक्ति बन्नबाट कसैले पनि रोक्न नसक्ने जिकिर गरे । त्यस अवसरमा उनले कांग्रेससँग आफ्नो पार्टीको प्रतिस्पर्धा हुने पनि बताए ।

कार्यक्रममा एमालेका सचिव महेश बस्नेतले पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीविरुद्ध व्यक्ति हत्या आरोप लगाउने षड्यन्त्र भइरहेको टिप्पणी गरे । भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा २३ जनाको मुत्यु भएको उल्लेख गर्दै उनले अध्यक्ष ओलीले प्रधानमन्त्रीको हैसियतमा मृतकका परिवारलाई क्षतिपूर्ति दिने तथा शहीद घोषणा गर्ने निर्णय गरेको बताए ।

२४ भदौमा संविधान र सुरक्षा निकायहरु नै हाइज्याक गरेर देशलाई ध्वस्त पार्ने षड्यन्त्र गरिएको उनको भनाइ छ । उनले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँगै देशभरबाट १४ हजार कैदी भागेको टिप्पणी गरे । उनले भागेकामध्ये दुई जना कैदीको मृत्यु हुनुका साथै दुई जना फरार कैदीले आमा र श्रीमतीको हत्या गरेको भन्दै यसको जिम्मेवारी सभापति लामिछानेले लिनुपर्ने जिकिर गरे । उनले मुलुकमा आगजनी र लुटपातमार्फत भएको क्षतिको जिम्म लामिछानेसँगै बालेन्द्र शाहले लिनुपर्ने जिकिर गरे ।

उनले आन्दोलनको नाममा भएको ध्वंसको सबै हिसावकिताव गर्ने चेतावनी समेत दिए । उनले मुलुकको विकास र समृद्धिका लागि एमालेको विकल्प नभएको पनि टिप्पणी गरे ।

# दुर्घटनामा तीन जनाको मृत्यु

**काठमाडौं/मस-** काठमाडौंका विभिन्न क्षेत्रमा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार काठमाडौंको सुकेधारा, गोकर्णेश्वर र बबरमहलमा भएको उक्त दुर्घटनामा उनीहरुको मृत्यु भएको हो । काठमाडौं महानगरपालिका-११ बबरमहलस्थित सडकमा बा.प्र ०२-०६१ प ७२३३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक तारकेश्वर नगरपालिका-४ गुहेश्वरी बस्ने धादिङ घर भएका १८ वर्षीय राहुल श्रेष्ठको आज मृत्यु भएको छ ।

बिहीबार राति भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको टिचिङ अस्पतालमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको हो । त्यसैगरी काठमाडौं महानगरपालिका-४ सुकेधारा चोकस्थित सडकमा प्र.२-०३-००१ ख ७०३४ नम्बरको टिपरको ठक्करबाट पैदलयात्री काठमाडौं काभ्रेस्थली बस्ने सङ्खुवासभा घर भएका २३ वर्षीय मिलन योञ्जनको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको टिचिङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिएको छ ।

यसैगरी काठमाडौँको गोकर्णेश्वर नगरपालिका-८ गोकर्ण जनसाहरा चोकस्थित सडकमा बा.७३ प १२२८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिहीबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक काठमाडौं टोखा बस्ने नुवाकोट घर भएका २६ वर्षीय रामबहादुर तामाङको उपचारका क्रममा मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सिरहामा गोली हानी एक जनाको हत्या

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १६ माघ


सिरहामा गोली हानी एक जनाको हत्या भएको छ । अज्ञात समूहले गोली प्रहार गरेर सिरहाका ४० वर्षीय प्रेमनाथ यादवको हत्या गरेको हो ।

शुक्रबार अपराह्न ४ बजे सिरहा नगरपालिका-७ मैनावती खोला छेउमा यादवको हत्या भएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए । गोली लागेपछि यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाइ छ । घटनापछि सो क्षेत्रभर त्रास र आक्रोश फैलिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



# 'अस्ट्रेलियन एजुकेसन फेयर' नेपालभर सम्पन्न

**ललितपुर/मस-** ग्लोबल एजुकेसन सभसेस प्रालि (ग्लोबल रिच) द्वारा आयोजित 'अस्ट्रेलियन एजुकेसन फेयर २०२६' नेपालभरका प्रमुख सहरहरूमा सम्पन्न भएको छ । माघ ९ गते काठमाडौंको होटल च्याडिसनबाट सुरु भएको यो फेयर पोखरा, चितवन, बुटवल हुँदै शुक्रबार ललितपुरको कुमारीपाटी शाखामा समापन भएको हो ।



पाँचवटै स्थानमा विद्यार्थी र अभिभावकहरूको उत्साहजनक उपस्थिति देखिनु यसको विशेष आकर्षण बनेको थियो । मेलाले नेपाली विद्यार्थीहरूलाई अस्ट्रेलियाका ३० भन्दा बढी प्रतिष्ठित विश्वविद्यालय र शैक्षिक संस्थाका प्रतिनिधिसँग प्रत्यक्ष भेटघाट गर्ने अवसर प्रदान गरेको छ । सहभागीहरूले आफ्नो रुचि र करियर लक्ष्यअनुसार तीन हजारभन्दा बढी कार्यक्रम र पाठ्यक्रमको विस्तृत जानकारी प्राप्त गरेका छन् ।

यस फेयरले केवल सूचना आदान-प्रदानको माध्यम मात्र नभई भिसा प्रक्रिया, अस्ट्रेलियाको शिक्षा नीति, र भविष्यमा रोजगारीका अवसरबारे विशेषज्ञबाट प्रत्यक्ष परामर्श लिन मिल्ने साझा थलोको रूपमा काम गरेको थियो । यसले विद्यार्थीहरूलाई विदेश अध्ययनमा देखिने अनिश्चिततालाई कम गर्न मद्दत गरेको आयोजकहरूले बताएका छन् ।

मेलाको अर्को विशेष पक्ष भनेको प्रतिभाशाली विद्यार्थीहरूका लागि १० देखि १०० प्रतिशतसम्मको छात्रवृत्ति पाउने सुनौलो अवसर र मार्गदर्शन उपलब्ध गराउनु थियो । विगत ३५ वर्षदेखि गुणस्तरीय परामर्श सेवा प्रदान गर्दै आएको ग्लोबल रिचले यस फेयरमार्फत देशभरका विद्यार्थीहरूको घरदैलोमै अन्तर ाष्ट्रिय शिक्षाको ढोका खोल्ने काम गरेको छ ।

पुस्तक समीक्षा

# छेपारो समय : मौलिकतामा टिकेको गद्य काव्य

*कवि पार्वती पुडासैनीको कविताहरूमा मानव जीवन र मानव समाजका आवेग तथा संवेगहरूलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ। उनका धेरैजसो कवितामा गाउँले जीवनको स्वच्छन्द भावधाराको प्रस्फुटन भएको छ।*



■ रत्नप्रसाद अनामणी श्रेष्ठ

हालसालै बजारमा 'छेपारो समय' शीर्षकमा भुँडीपुराण प्रकाशन, बागबजारले कवि पार्वती पुडासैनीको कविता-संग्रह छेपारो समय प्रकाशन गरेको छ। यस कविता-संग्रहभित्र ७५ वटा स-साना, चिटिक्क परेका, स्वादिला अचारजस्ता गद्य कविताहरू संग्रहित छन्। कविताका शीर्षकहरूले नै पाठकहरूमा कविता पढ्ने उत्सुकता जगाउँछन्। शीर्षकहरू छोटा र आकर्षक छन्।

यस कविता-संग्रहमा नाटक, मूर्ति, मायाको फूल, पानी, म्याट्रेस, यात्रा, जीवन, गाउँ, बादल, बादल-१, कर्णाली, उज्यालो, ऐना, दृष्टि, जीवन, ह्याङओभर, डस्टबिन, छेपारो समय, दासता, भाषण, धरहरा, भोक, भ्रम शीर्षकका कविताहरु छन्। यसैगरी संग्रहमा रातो गुलाफ, परिवर्तन, परिवर्तन-१, आगो, बजेट, क्याक्टस, लामखुट्टे, सपना, उकुच, विद्रोह, विद्रोह-१, स्पर्श, होशियार, नियत, तरङ्ग, आँधीको युग, फूल, पर्खाल, मोबाइल फोन, नाति/नातिनी, नारी, माया, खाटा नबसेको घाउ, एम्बुस, सपना, हिउँ, घाउ, विगत, इच्छा, वधशाला, हस्ताक्षर, चिया, तोरीका फूलहरू, परी, टुलबक्स, प्रयास, प्रयास, युद्ध, मन, छरर, रोबोट, चित्कार, जूनको आँखा, सर्प, शरणार्थी, प्रश्न, विभेद, भूकम्प, मान्छे, सौन्दर्य, काँडा, पराकम्प र स्वाभिमान शीर्षकका कविताहरू पनि समावेश छन्।

विद्यार्थी जीवनको सुरुवातदेखि नै कविता लेखेकी पार्वतीले कवितालाई नै आफ्नो अन्तरङ्ग साथी बनाउँदै लगेकी छन्। दुःखको समय होस् वा सुखको क्षण, आफ्नो मनमा उब्जिएका मर्मस्पर्शी शब्दहरूलाई स-साना कवितामा अभिव्यक्त गर्दै कवि पार्वती पुडासैनीले आफ्नो मौलिक कविता-संग्रह छेपारो समय बजारमा ल्याएकी छन्।

उनका कविताहरूमा मानव जीवन र मानव समाजका आवेग तथा संवेगहरूलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ। उनका धेरैजसो कवितामा गाउँले जीवनको स्वच्छन्द भावधाराको प्रस्फुटन भएको छ। पुडासैनीले आफ्ना कवितामार्फत प्रकृति, अनुराग, श्रम, वियोग, राष्ट्रप्रेम लगायतका विविध भावहरू समेट्ने जमर्को गरेकी छन्। कृत्रिमताभन्दा मौलिकतामा बढी विश्वास र सहज तथा प्राकृतिक जीवनशैलीप्रति अनुराग पार्वतीका कवितामा देखिन्छ। उनले कवितामार्फत जीवन र जगतलाई हेर्ने स्पष्ट दृष्टिकोण बनाएको यस कविता-संग्रह पढ्दा बोध हुन्छ।

यस कविता-संग्रहमार्फत काव्यमा पुडासैनीका केही प्रमुख प्रवृत्तिहरू देखिन्छन्-

क) सांस्कृतिक चेतना

यस संग्रहभित्र नेपालको सांस्कृतिक विषयलाई सरल र सहज ढंगले उठाइएको छ, जसले पाठकको मनमा प्रभाव पार्दछ। संग्रहमा मूर्ति शीर्षकको कविताले सांस्कृतिक विषयलाई बलियो गरी उठाएको पाइन्छ। कवि पुडासैनी लेख्छिन्-

*बुझ्दैन कसैको पीडा र वेदना*
*फिजाउँदैन सहयोगी हातहरू*

*मस्त निद्रामा निदाइरहेछ*
*सारा संसार बिर्सेर*
*(पुडासैनी, छेपारो समय, पृ. २)*

ख) स्थानीयपनको अभिव्यञ्जना

कवि पुडासैनी गाउँमा हुर्केकी हुनाले उनका कवितामा स्थानीयपनको अभिव्यञ्जना तीव्रताका साथ आएको छ, जुन मार्मिक छ-


*जब चल्छ सिरसिरे बतास*
*आउँछ्यौ तिमी लहरिँदै मेरो अघिल्तिर*
*तिमी पहेँलपुर फक्रीएको बेला*
*म पो उभिएको छु सूर्यमुखी बनेर*
*(पुडासैनी, छेपारो समय, पृ. ५६)*

ग) प्रेमिल अभिव्यक्ति

मानव जीवनको नैसर्गिक स्वभाव हो- प्रेम। प्रेमविनाको जीवन निरस हुन्छ। पुडासैनीका कविताहरूले प्रेमिल हृदय र कसैको समर्पणमा डुबेको आभास व्यक्त गरेका छन्। कवि पुडासैनी लेख्छिन्-

*लामो अन्तरालपछि*
*भेट भयो तिमीसँग*

*आयौ तिमी समीपमा*
*बेरियौँ न्यानो अँगालोमा*
*(पुडासैनी, छेपारो समय, पृ. ३)*



> नेपाली समाजको यथार्थ चित्रण, प्रेमिल अभिव्यक्ति, श्रमजीवी वर्गको पीडा, वर्गीय असमानता तथा राजनीतिक र आर्थिक अन्यायलाई 'छेपारो समय' कविता संग्रहमा कवि पार्वती पुडासैनीले काव्यिक रूपमा सशक्त ढंगले उठाएकी छिन्। उनले रोजेको 'छेपारो समय' शीर्षक पनि सान्दर्भिक छ। यस संग्रहका सबै कविता पढ्नलायक र मन छुने छन्।

*प्रेमका मुनाहरू*
*कहिल्यै नसिद्धियोस् झैँ लाग्छ*
*चियाको चुस्की*
*जसरी आइरहन्छन्*
*हामीले सँगै साटेका पाइलाहरूका मीठा यादहरू*
*(पुडासैनी, छेपारो समय, पृ. ५५)*

घ) राष्ट्रप्रेम र राजनीति

पार्वती पुडासैनीको कवितामा नेपाली माटोप्रतिको अपार माया र श्रद्धाभावले पनि उचित स्थान पाएको छ। देशको जल्दाबल्दो राजनीतिले जनताको अपेक्षा पूरा नगरेकोमा पुडासैनीले काव्यिक प्रश्न गरेकी छन्-

*बाधाहरू पन्छाएर*
*उकाली चढ्दै*
*खोज्न सक्नुपर्छ एकमुठी जाँगर*
*र, पुग्न सक्नुपर्छ चुचुराहरूमा*
*(पुडासैनी, छेपारो समय, पृ. १५)*

*छेपाराहरू*
*अरूको अनुहार चाट्छन्*
*कलेजो टोक्छन्*
*र, आफूअनुकूल चल्न*
*बाध्य पार्छन् समयलाई*
*(पुडासैनी, छेपारो समय, पृ. १८)*

ङ) सामाजिक यथार्थ

पार्वती पुडासैनीका कविताहरूले सामाजिक यथार्थलाई पनि अभिव्यक्त गरेका छन्। समाजमा घटित पीडा, छटपटी, असमानता र बितृष्णाका भावहरू यस कविता-संग्रहमा सशक्त रूपमा आएका छन्-

*बजेटमा राखिन्छ बरु*
*मन्दिर, मस्जिद र पूजाको नाममा पैसा*
*राखिन्न औषधिमूलो र शिक्षाको उज्यालोका लागि*
*(पुडासैनी, छेपारो समय, पृ. ११)*


*कोही भने भुइँमा बसेर*
*भोको पेट छाम्दै*
*थुक निल्दै हेरिरहेछ*
*टुलुटुलु तिमीले खाइरहेको*
*(पुडासैनी, छेपारो समय, पृ. २२)*

वास्तवमा उनका कविताहरूमा विविध प्रवृत्तिहरू देखापरेका छन्। विषय-विविधताका कारण यस कविता-संग्रहले धेरै विषय समेटेको छ। नेपाली समाजको यथार्थ चित्रण, प्रेमिल अभिव्यक्ति, श्रमजीवी वर्गको पीडा, वर्गीय असमानता तथा राजनीतिक र आर्थिक अन्यायलाई यस संग्रहमा काव्यिक रूपमा सशक्त ढंगले उठाइएको छ। 'छेपारो समय' शीर्षक पनि सान्दर्भिक छ। यस संग्रहका सबै कविता पढ्नलायक र मन छुने छन्।

यद्यपि, केही कविताका शीर्षक अंग्रेजीमा राखिँदा नेपालीपनमा कमी आएको अनुभूति हुन्छ। साथै, एउटै शीर्षकमा दुई कविता हुँदा पाठक अलमलिन सक्ने सम्भावना देखिन्छ। यस्ता झिनामसिना कुराबाहेक समग्रमा यो कविता-संग्रह उत्कृष्ट छ। छेपारो समय एक संग्रहणीय कविता-संग्रह बनेको छ।

# अदृश्य दाग

कथा



■ समर शर्मा

> *समाचार छापियो। देश हल्लियो। सामाजिक सञ्जाल तात्यो। नेताको छोरा पक्राउ पर्‍यो। चार वर्षअघि बेपत्ता युवती भारतको एक आश्रय गृहमा भेटिइन्- जिउँदो, तर गहिरो घाउसहित। सृष्टि अदालतमा उभिइन्। यसपटक डराएर होइन- आँखामा आँखा मिलाएर।*

सन्ध्याको झिमिक्क उज्यालोले पोखराको फेवाताल निस्तब्ध देखिन्थ्यो। तालमाथि तैरिएका बादलका छायाँजस्ता भावहरू आरवको मनमा पनि खेलिरहेका थिए। उसले कफीको चुस्की लिँदै तैरिएका बादल हेरिरहेको थियो। अगाडि बसेकी सृष्टि भने झ्यालबाहिर हेरेर चुपचाप थिइन्। उनको आँखामा गहिरो थकान देखिन्थ्यो।

'धेरै ढिलो भयो है ?' आरवले वातावरण तोड्न खोज्दै भन्यो।

'समय त सधैं ढिलो नै हुन्छ', सृष्टिले हल्का मुस्कान दिइन्, तर त्यो मुस्कान आँखासम्म पुगेन।

उनीहरू भेटघाटको नाममा कफी खान आएका थिए। दुवै परिवारको पहलमा भेट भएको थियो। आरव काठमाडौंको एक राष्ट्रिय दैनिक पत्रिकामा अनुसन्धान पत्रकार, सृष्टि एक गैरसरकारी संस्थामा मनोसामाजिक परामर्शदाता। कागजमा हेर्दा सबथोक मिलेको थियो- शिक्षा, पेशा, सोच।

केही बेरको मौनपछि सृष्टिले गहिरो सास फेरिन्।

'म एउटा कुरा लुकाउन सक्दिन,' उनले भनिन्।

आरव सिधा बसे, 'भन्नुस्।'

'चार वर्ष अघि... म एउटा घटनाको साक्षी थिएँ,' उनले भनिन्, 'र त्यसपछि म आफैँ अपराधीझैँ बाँचिरहेकी छु।'

आरव चुप लाग्यो। सृष्टि बोलिरहिन्, कुनै भावुक नाटकीयता बिना।

त्यो रात, कार्यालयबाट फर्कँदै गर्दा उनले एक प्रभावशाली नेताको छोरालाई सडकछेउ एक युवतीमाथि हिंसा गरिरहेको देखेकी थिइन्। उनले प्रहरीलाई फोन गरेकी थिइन्, तर नाम लुकाएर। घटनापछि पीडित युवती बेपत्ता भइन्, केस दबाइयो। केही दिनपछि सृष्टिलाई फोन आयो- 'तपाईं धेरै रहनुहुन्न।'

'म डराएँ,' सृष्टिले स्वीकार गरिन्, 'म पछि हटेँ। बयान दिन गइनँ। आजसम्म त्यो अपराधी खुलेआम घुमिरहेको छ।'

आरवको मन भारी भयो।

'त्यो तपाईंको दोष मात्रै होइन,' उसले बिस्तारै भन्यो।

'हो,' सृष्टि मुस्कुराइन्, 'तर दोषबोध भने मेरै हो। मसँग त्यो अदृश्य दाग छ। त्यसैले... तपाईंलाई पहिले नै भन्नु जरुरी ठानेँ।'

आरवले केही भन्न खोज्यो, तर शब्द भेटेन। उसले सृष्टिको आँखामा हेर्‍यो- त्यहाँ अपराधभन्दा बढी पश्चात्ताप थियो।

त्यस साँझ उनीहरू छुट्टिए। कुनै निष्कर्ष बिना।

तीन दिनपछि आरव आफ्नो सम्पादकको कोठामा थियो।

'तिमीलाई एउटा ठूला केस दिन चाहन्छु,' सम्पादकले भने, 'चार वर्ष पुरानो- तर अझै जिउँदो। एउटा हिंसाको घटना, राजनीतिक दबाब, बेपत्ता पीडित।'

आरवको मुटु जोडले धड्कियो। उसले फाइल खोल्यो- नाम, मिति, स्थान। सबै सृष्टिले भनेकै जस्तो।

त्यही रात उसले सृष्टिलाई फोन गर्‍यो।

'म त्यो केसमा काम गर्दैछु,' उसले सिधै भन्यो।

फोनको अर्कोपट्टि केही सेकेन्ड मौनता।

'किन ?'

'किनकि कसैले त बोल्नै पर्छ।'

'तर म साक्षी हुँ,' सृष्टिले डराएको स्वरमा भनिन्, 'म अघि बढेँ भने...।'

'मसँग प्रमाण छ,' आरवले बीचमै रोके, 'सीसीटीभी फुटेज, पुराना कल रेकर्ड, एउटा बेनाम साक्षी... तपाईं एक्लै हुनुहुन्न।'

सृष्टिको आँखा भरियो।

'तपाईंलाई डर लाग्दैन ?'

'लाग्छ,' आरव मुस्कुरायो, 'तर डरकै कारण चुप लागिरहनु अपराधजस्तै लाग्छ।'

समाचार छापियो। देश हल्लियो। सामाजिक सञ्जाल तात्यो। नेताको छोरा पक्राउ पर्‍यो। चार वर्षअघि बेपत्ता युवती भारतको एक आश्रय गृहमा भेटिइन्- जिउँदो, तर गहिरो घाउसहित। सृष्टि अदालतमा उभिइन्। यसपटक डराएर होइन- आँखामा आँखा मिलाएर।

केही महिना पछि, फेवाताल उही थियो।

उही कफी शप।

तर आज सृष्टिको मुस्कान आँखासम्म पुगेको थियो।

'अब पनि त्यो अदृश्य दाग देख्नुहुन्छ ?' आरवले सोध्यो।

सृष्टिले टाउको हल्लाइन्।

'छ,' भनिन्, 'तर अब त्यो दागले मलाई पराजित गर्दैन। उसैले मलाई सचेत बनाएको छ।'

आरव मुस्कुरायो।

'त्यसैले त म तपाईंलाई मन पराउँछु।'

सृष्टिले यसपटक केही लुकाइनन्।

'म पनि।'

तालमाथि बादलको छायाँ बिस्तारै हट्दै गयो।

केही दागहरू मेटिँदैनन्- तर तिनै दागहरूले मानिसलाई उज्यालोतिर हिँड्न सिकाउँछन्।

कविता

## सिर्जनाको स्वामित्व, उज्यालो भविष्य



याम बहादुर थापा मगर

विचार जन्मिन्छ- मस्तिष्कको निःस्वार्थ कोख भित्र,
र रूप लिन्छ शब्दमा, स्वरमा, चित्रमा, गीतमा।
त्यो विचार- तिम्रो पनि हो, मेरो पनि
तर अधिकार भने सर्जकको आत्मा हो।

नेपालको माटोले धेरै सिर्जनाहरू जन्मायो।
लोक गीत, लय, तस्बिर, कथा र काव्य
तर कति सिर्जनाहरू नाम विहीन भए
किनकि अधिकारको मूल्य बुझ्न सकेनौ।

अब युग डिजिटल छ।
जहाँ एक क्लिक मै विचार संसारभर फैलिन्छ
तर त्यहीँ चोरी र नक्कलीपनको आँधी चल्छ।
त्यसैले आवश्यक छ- सिर्जनाको सुरक्षाको छाता
बौद्धिकताको ज्ञान, सचेतना र नीति-संरचना।

पठन संस्कृतिले यही उज्यालो ल्याउँछ।
जब हामी पढ्छौं, बुझ्छौं, सम्मान गर्छौं
र आफ्ना बालबालिकालाई सिकाउँछौं
कि सिर्जनाको माया यसको अधिकारमा हुन्छ।

हामी लेखौं, सिर्जना गरौं, साझा गरौं।
तर इमानका धागोमा बाँधेर।
किनकि बौद्धिक सम्पत्ति केवल कानुन होइन
यो सिर्जनाको आत्मा हो, जसले उज्यालो भविष्य बुन्छ।

गजल



रिता गिरी 'रेनुका'


धन ठुलो हो कि विद्या यस्तै सवाल बारम्बार चल्छ
आजकल झुटको जीत सत्यको हारमै संसार चल्छ ॥

तिमी कुन अदालत र कुन न्यायको कुरा गर्छौ भन
दोषी अपराध गर्नमै व्यस्त छ निर्दोषले कारागार चल्छ ॥

मलाई मुना र मदनको कहानी नसुनाऊ ए साथी
यी सबै बकवास हुन मायाले कहाँ व्यवहार चल्छ ॥

राम्रो काम गरेँ तिमी भ्रममा नपर्नु कसैले देख्दैन
थोरै बिराइदेऊ बाटो इज्जत उतार्न बजार चल्छ ॥

यहाँ जिन्दगी बरबाद गर्ने कुराहरू नै प्रिय हुन्छन्
बजारमा दूध भन्दा दारुको व्यापार निकै चल्छ ॥



शिशिर बुढाथोकी

जसोतसो यो जिन्दगी टिकेको छ,
अपमान हजारौँ सहन सिकेको छ

काँडाको होइन, वचनको खाटो बसेको हो,
देख्नेले त भन्छन् खिल झिकेको छ

अवश्य पढ्नु कुनै दिन यदि फुर्सद भए,
रुँदै जिन्दगीले एउटा पत्र लेखेको छ

बगिरहन्छ मूल्यहीन यो सस्तो आँसु,
कौडीको भाउमा जिन्दगी बिकेको छ।

मनाइयो शहीद दिवस

# प्रधानमन्त्री कार्कीबाट शहीदप्रति श्रद्धाञ्जली अर्पण



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले लैनचौरस्थित शहीद स्मारक पुगी ज्ञात-अज्ञात शहीदहरुको सम्झनामा श्रद्धाञ्जली अर्पण गरेकी छन्।

शहीद सप्ताहको अन्तिम दिन शुक्रबार प्रधानमन्त्रीले इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतको सम्मानमा श्रद्धाञ्जली अर्पण गरेकी हुन्।

हरेक वर्ष काठमाडौं महानगरपालिकाले माघ १० गतेदेखि सप्ताहव्यापी कार्यक्रम गर्दै आएको छ। साताव्यापी कार्यक्रमको अन्तिम दिन शुक्रबार शहीद उद्यान लैनचौरमा विशेष श्रद्धाञ्जली सभा आयोजना गरिएको हो।

शहीद दिवसको अन्तिम दिन शुक्रबार बिहान शान्तिवाटिकाबाट प्रभातफेरी सुरु भएको थियो। शान्तिवाटिकामा भेला भएर नेपाल प्रहरी र सशस्त्र प्रहरीको ब्यान्ड, मार्चपास र शहीदको तस्बिर राखिएको बग्गीसहितको प्रभातफेरी शहीद उद्यान लैनचौरमा पुगेर श्रद्धाञ्जली सभामा परिणत भएको थियो।

सभामा प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, मन्त्रीहरु, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि र सुरक्षा अंगका प्रमुखहरुको सहभागिता रहेको थियो। काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले, नागरिक स्वतन्त्रता, मानव अधिकार, सुशासन तथा स्वाभिमानका लागि विगतमा गरिएका प्रयत्न र त्याग बिर्सनु नहुने धारणा राखिन्। सरकारले शहीद दिवसका अवसरमा शुक्रबार सार्वजनिक बिदा दिएको थियो।

# आठ पटक म्याद थप्दा पनि महावीर चोकसम्मको सडक अलपत्र

**सिरहा/मस-** आठौं पटक म्याद थप्दा पनि धनुषाको जनकपुर-कदम चोक-तीनकोरिया-सघारा-कमालपुल-पूर्व महावीर चोक सिरहा खण्डको हुलाकी सडक स्तरोउन्नति अझै काम पूरा भएको छैन।

१९ करोड १४ लाखमा ३७ हजार १ सय ६७ रुपैयाँ (भ्याटसहित) लागतमा साढे पाँच किलोमिटर सडक कालोपत्र गर्ने जिम्मा लिएका धुकुछु कन्स्ट्रक्सन प्रालि बुद्धनगर काठमाडौंले अहिलेसम्म ८५ प्रतिशत काम मात्रै गरेको छभने वित्तीय प्रगति ६३ दशमलव २५ प्रतिशत रहेको छ।

सो ठेक्का भेरिएसन भएर लागत २१ करोड ९३ लाख ६२ हजार १ सय ८९ रुपैयाँ पुगेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका सूचना अधिकारी इन्जिनियर कुमार रायले बताए।

जनकपुर-कदमचौक-कप्टोल-तिनकोरीया-सघारा-कमला पुल हुलाकी सडक स्तरोउन्नतिका लागि ठेक्का भएकामा पहिला नै उक्त खण्डको केही भागको निर्माण भइसकेकाले ठेक्काअनुसार बाँकी रहेको कार्य गर्न कमला पुलदेखि पूर्व सिरहा बजारको महावीर चोकसम्मको डेढ किलोमिटर सडक बनाउन जिम्मेवारी दिइएको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका इन्जिनियर सूर्यनारायण मण्डलले



जानकारी दिए। विसं २०७४ असारमा ठेक्का सम्झौता भएको उक्त सडक २०७५ पुससम्म बनिसकिनुपर्नेमा अहिलेसम्म आठपटक म्याद थप गरेर निर्माण कम्पनी धुकुछु कन्स्ट्रक्सन प्रालिले काम गरिरहेको छ। थपिएको म्याद आउँदो चैतमा सकिने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले जनाएको छ।

सिरहा बजारको महावीर चोकदेखि पूर्व भगवानपुर बलान पुलसम्म सडक कालोपत्र भई सञ्चालनमा रहे पनि सिरहाको महावीर चोकदेखि पश्चिम बसबिट्टा कमला बाँधसम्मका डेढ किलोमिटर सडक नबन्दा यहाँका स्थानीय धुलाम्य सडकमा यात्रा गर्न बाध्य रहेका छन्।

'निर्माण कम्पनीका प्रतिनिधि जयमोद झाले यही हप्ताको मंगलबारदेखि बजार खण्डमा काम सुरु भएको छ, हामी मेसिनसहित पुगिसकेका छौं, चैतभित्र काम सक्नेगरी काम भइरहेको छ,' उनले भने, 'धुलो नियन्त्रनका लागि पानी छर्कन आजै सेफ्टी ट्यांकी आएको भोलिदेखि नियमित रुपमा पानी छर्किने काम हुने छ।'

समयमै सडक कालोपत्र नहुँदा धुलो उडेर घर तथा पसलमा बस्न सास्ती भएको गुनासो स्थानीय राजीव यादवको रहेको छ। उनले भने, 'हुलाकी सडकको धुलो खाएको लामो समय भयो, दैनिक धुलाम्मे सडकमा पानी पनि नहाल्दा निकै समस्या भइरहेको छ।'

# सुव्यवस्थित निर्वाचनसम्बन्धी अवधारणा जारी




**काठमाडौं/मस-** गृह मन्त्रालयले वडातहमा क्रियाशील राजनीतिक दलका पदाधिकारी एवं प्रबुद्ध व्यक्तिको सहभागितामा स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने अवधारणा तयार गरेको छ।

मन्त्रालयले 'सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्नेसम्बन्धी अवधारणा, २०८२' जारी गरिसकेको छ।

निर्वाचनका सबै प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र एवं प्रबुद्ध व्यक्तिको भूमिका महत्त्वपूर्ण रहने तथ्यलाई मध्यनजर गर्दै मन्त्रालयले सो अवधारणा ल्याएको हो। अवधारणा कार्यान्वयनका लागि मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचारसमेत गरेको छ। वडा तहमा रहेका राजनीतिक व्यक्ति, पदाधिकारी एवं प्रबुद्ध व्यक्तिलाई निर्वाचन व्यवस्थापनलगायत कार्यमा समावेश गराइ निर्वाचनमा निजको अपनत्व अभिवृद्धि गरी गराई निश्पक्ष निर्वाचन सम्पन्न गर्ने अभिप्रायले अवधारणा सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

अवधारणा कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीलाई जिम्मेवार बनाइएको छ।

# गण्डकीमा १४ हजार निर्वाचन प्रहरी परिचालन हुँदै




**कास्की/मस-** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका ११ जिल्लामा १४ हजार १२ जना निर्वाचन प्रहरी परिचालन हुने भएका छन्।

गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार गोरखामा दुई हजार २०४, मनाङमा २३३, लमजुङमा एक हजार २१०, कास्कीमा दुई हजार आठ, तनहुँमा एक हजार ५७३, स्याङ्जामा एक हजार ९४७, नवलपुरमा एक हजार ५४३, मुस्ताङमा २६६, म्याग्दीमा ७६५, बागलुङमा एक हजार २९८ र पर्वतमा ९६५ जना निर्वाचन प्रहरी परिचालन हुनेछन्।

नेपाल प्रहरीतर्फ गोरखामा एक हजार तीन, मनाङमा १६३, लमजुङमा ६०६, कास्कीमा ९५७, तनहुँमा ८३८, स्याङ्जामा ९४०, नवलपुरमा ८१८, मुस्ताङमा २०२, म्याग्दीमा ४११, बागलुङमा ६५८ र पर्वतमा ४३९ जना खटिने छन्।

११ वटै जिलालामा निर्वाचन प्रहरीको छनोट भई नियुक्ति र तालिम प्रक्रिया सुरू भएको छ। निर्वाचन प्रहरीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्ववनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रूपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्र राष्ट्रका सुरक्षानिकायमा काम गरी सेवानिवृत्त नेपाली नागरिकलाई प्राथमिकताका साथ समावेश गरिएको जनाइएको छ। निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ।

# खोटाङका २१ र म्याग्दीका ८ मतदानस्थल अतिसंवेदनशील

**खोटाङ/मस-** आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि खोटाङ र म्याग्दीका २९ मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ।

प्रतिनिधिसभातर्फ एउटामात्रै निर्वाचन क्षेत्र रहेको खोटाङमा निर्वाचनका लागि १३६ वटा मतदानस्थल निर्धारण गरिएको छ। जिल्ला प्रशासन कार्यालय खोटाङका सहायक प्रमुख जिल्ला अधिकारी कोपिला राईका अनुसार मतदानस्थललाई तीन भागमा वर्गीकरण गरिएको छ।

'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजनाअन्तर्गत मतदानस्थल निरीक्षण तथा अनुगमन गरेका थियौं। अनुगमन प्रतिवेदनका आधारमा जिल्लामा निर्धारण गरिएका मतदानस्थलमध्ये २१ वटा अतिसंवेदनशील, ६४ वटा संवेदनशील र ५१ वटालाई सामान्यमा राखेका छौं,' उनले भने। मतदातालाई सुरक्षित र भयरहित वातावरणमा मतदान गर्ने व्यवस्था मिलाइने उनको भनाइ छ। उहाँका अनुसार मतदानस्थलको पहिलो घेरामा नेपाली सेना, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा निर्वाचन प्रहरी र जनपद प्रहरी परिचालन हुनेछन्।

जिल्लामा एक लाख ४७ हजार १२० जना मतदाता छन्।



आगामी निर्वाचनलाई लक्षित गर्दै जिल्लामा निर्वाचन आचारसंहिता उल्लंघन भए/नभएको अनुगमन तथा कारबाहीका लागि दुई जना अनुगमन अधिकृतसमेत तोकिएको छ। उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिता पालना गरे/नगरेको अनुगमन तथा कारबाही गर्न सहायक प्रमुख जिल्ला अधिकारी राई र कोष नियन्त्रक रोमा पाण्डेलाई अनुगमन अधिकृत तोकिएको हो। दश स्थानीय तह रहेको खोटाङमा आगामी निर्वाचनका लागि दुई स्वतन्त्रसहित १५ जनाको मनोनयन परेको छ। जसमा नेपाली कांग्रेसबाट वीरकाजी राई, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट देवविक्रम राई, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट डा हरि रोका, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट रुद्र गिरी, जनता समाजवादी पार्टी (जसपा)बाट राकेश राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दीपक तामाङ, जनता समाजवादी पार्टी नेपालबाट सुनिल चाम्लिङ, श्रम संस्कृति पार्टीबाट आरेन राई, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट चन्द्र बुढाथोकी 'शैलेस', नेपाल मजदुर किसान पार्टीबाट ध्यानप्रसाद ढकाल, राष्ट्रिय परिवर्तन पार्टीबाट मिरेश राई, मङ्गोल नेशनल अर्गनाइजेशन पार्टीबाट प्रयाग राई र मितेरी पार्टी नेपालबाट केशरमान चाम्लिङले उम्मेदवारी दर्ता गराएका छन्। यस्तै, डा राजकुमार राई र तिलकचन्द्र राईले स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीका आठ मतदानस्थललाई अतिसंवेदनशील सूचीमा राखिएको छ। जिल्ला सुरक्षा समितिले म्याग्दीमा कायम भएका ८२ मतदानस्थलमध्ये २९ वटालाई संवेदनशील र ४५ स्थललाई सामान्य वर्गमा विभाजन गरेको हो।

छ स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीमा ८२ वटा मतदानस्थलमा १२० मतदान केन्द्र कायम भएको छ। विगतका निर्वाचनमा भएका गतिविधि, भौगोलिक अवस्थिति, यातायात, सञ्चार र अन्य पूर्वाधारलगायतका आधारमा मतदानस्थललाई वर्गीकरण गरेर सुरक्षा रणनीति बनाइएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले जानकारी दिए।

धौलागिरि गाउँपालिका-१ गुर्जा र ४ बगर, अन्नपूर्ण गाउँपालिका-८ नांगी, रघुगंगा गाउँपालिका-८ कुइनेखानीका मतदानस्थल भौगोलिक हिसाबले दुर्गम र विकट क्षेत्रमा रहेका छन्। मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रजिअ आचार्यसहित सुरक्षा अधिकारीहरूको टोलीले मतदान स्थलको निरीक्षण अन्तिम चरणमा पुऱ्याएको छ।

निर्वाचनका लागि ४२ हजार २३२ पुरुष र ४४ हजार ६४ जना महिला र एक जना अन्य गरी कुल ८६ हजार ३९७ जना मतदाता कायम भएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

म्याग्दीमा एक स्वतन्त्र र ११ जना राजनीतिक दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी, नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार महाविर पुनलगायतका प्रतिस्पर्धी छन्।

# रुकुम पश्चिममा बढ्यो चुनावी सरगर्मी



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १६ माघ

आगामी स्थानीय चुनावलाई लक्षित गर्दै रुकुम पश्चिमका विभिन्न वडामा राजनीतिक दलहरू सक्रिय बनेका छन्। नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले जिल्लाका ७३ वडामा आफ्नो पहुँच बढाउँदै गाउँ-गाउँमा प्रवेश गरेको छ।

मुसिकोट नगरपालिकाका सबै वडामा चुनावी कार्यक्रम सम्पन्न गरिसकेको नेकपा अहिले बाँफिकोट गाउँपालिकामा प्रवेश गरेको छ। नेकपाका उम्मेदवार गोपाल शर्मा र उनका सहकर्मीहरू बिमला केसी, ठकेन्द्र पुरी, वसन्त शर्मा, गोबिन्द रोकालगायत टोलीसहित गाउँमा जनता भेटघाट तथा कार्यक्रममा व्यस्त रहेका छन्।

आफ्नो एजेन्डा जनता माझ राख्न र स्थानीय समस्याहरू बुझ्न गाउँमा प्रवेश गरेको बताउँदै शर्माले नेकपा अहिले सबै दलभन्दा बलियो स्थितिमा रहेको दाबी गरे।

यसैबीच, नेपाली कांग्रेसले पनि सक्रियता देखाएको छ। उम्मेदवार राजु केसीको नेतृत्वमा कांग्रेसका नेता र कार्यकर्ताहरू ६ वटा स्थानीय तह भ्रमण गरी जिल्ला समितिको बैठक सम्पन्न गरिसकेका छन्। कांग्रेस पनि केही दिनभित्र वडा तहमा पुगेर चुनावी कार्यक्रम सञ्चालन गर्ने तयारीमा रहेको बताएको छ।

त्यस्तै, प्रलोपाका उम्मेदवार जनार्दन शर्मा (प्रभाकर) सबै स्थानीय तह भ्रमण गरी जिल्ला फर्किसकेका छन्। प्रलोपाले रुकुम पश्चिममा नेकपा एमालेसँग चुनावी सहकार्य गरेको छ। बिहीबारदेखि उनीहरूले चौरजहारीबाट संयुक्त चुनावी सभा सुरु गरेका छन्। प्रलोपा-एमालेको संयुक्त चुनावी कमान्डरका रूपमा एमालेका जिल्ला अध्यक्ष नन्दराम देवकोटा कार्यरत छन्।

तीन प्रमुख दलहरूको सक्रियतासँगै रुकुम पश्चिममा आगामी चुनावको माहोल चर्किएको छ। जनता भेटघाट, सभा र कार्यक्रम मार्फत आफ्नो एजेन्डा प्रस्तुत गर्न दलहरू जोर-शोरसहित गाउँ-गाउँ पुगिरहेका छन्।

# हिमपातले अवरुद्ध कागबेनी-मुक्तिनाथ सडक सञ्चालन

**मुस्ताङ/मस-** भारी हिमपातका कारण बुधबारदेखि अवरुद्ध कागबेनी-मुक्तिनाथ सडक आज बिहानदेखि सञ्चालन भएको छ। जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पहलमा अवरुद्ध सडक सञ्चालनमा ल्याइएको हो।

मंगलबार राति भारी हिमपातका कारण मुक्तिनाथ जाने १२ किलोमिटर कालोपत्र सडक पूर्ण रुपमा अवरुद्ध हुन पुगेको थियो। बिहीबार दिउँसोदेखि जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अनुरोधमा मुक्तिनाथ स-जोमसोम-कोरला) सडक आयोजनाको स्काभेटर परिचालन गरिएको छ।

यसका अतिरिक्त मुक्तिनाथ सडकको हिउँ पन्छ्याएर सडक सञ्चालन गराउन प्रमुख जिल्ला अधिकारी अजिता शर्मासहित नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी लगायतको संयुक्त सुरक्षा टोली परिचालित गरिएको थियो।



यसैगरी अवरुद्ध सडक खुलाउन गाउँपालिका उपाध्यक्ष डिकी गुरुङ र वडाध्यक्ष कर्माघ्याचो गुरुङ लगायतका स्थानीय जनप्रतिनिधि परिचालित भएका थिए।

भारी हिमपातका कारण अवरुद्ध सडक सञ्चालनमा ल्याउन जिल्ला सुरक्षा समितिको टोलीसहित स्थानीय जनप्रतिनिधि खटिएको र कोरला सडक आयोजनाको डोजर लगेर अवरुद्ध सडकको हिउँ पन्छ्याएर सडक खुलाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए। उनका अनुसार अवरुद्ध सडक खुलाइएको भए पनि कतिपय घाम नलाग्ने ओसिलो स्थानमा हिउँ ढुंगा जस्तै सारो हुने गरी जमेकाले दुई पांग्रे र भारी सवारीसाधनलाई मुक्तिनाथ उक्लिन समस्या रहेको छ।

जिल्ला प्रहरी कार्यालयले बिहानको समयमा तत्कालका लागि मुक्तिनाथ आवतजावत गर्न सवारीसाधनलाई समस्या हुने भएकाले बिहान ११ बजेपछि मात्रै सवारीसाधन लैजान अनुरोध गरेको छ।

भारी हिमपातका कारण बुधबारदेखि अवरुद्ध मुक्तिनाथ सडक सञ्चालनमा आएसँगै मुस्ताङको कागबेनीमा रोकिएका सवारीसाधन गन्तव्यमा प्रस्थान गरेका छन्। पुनः हिमपात नभएमा केही दिनमा मुक्तिनाथ सडक थप सहज हुने वारागुङ मुक्तिक्षेत्र-४ का वडाध्यक्ष कर्माघ्याचो गुरुङले जानकारी दिए।

FREE VISA, FREE TICKET, FREE RECRUITMENT
फ्रि भिसा, फ्रि टिकट, निःशुल्क भर्ती

कम्पनीः EMIRATES FLIGHT CATERING LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२२ — चलानी नं.: ६०२३७०४१ — LT. No.: 323066 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Catering Asst. | 50 | 24 | सम्बन्धित काममा दक्ष | 1275 | ५०,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Comis I | 5 | 5 | | 1620 | ६४,७६७ | | | | | | | |
| 3. | Commis Iii | 73 | 39 | | 1050 | ४१,९७९ | | | | | | | |
| 4. | General Helper (All Rounder) | 127 | 174 | | 1050 | ४१,९७९ | | | | | | | |
| 5. | Heavy Duty Drivers | 50 | 0 | | 2355 | ९४,१५२ | | | | | | | |
| 6. | Plumber | 10 | 5 | | 1275 | ५०,९७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २४ गते (7 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ८६४/०६६/०६७
ब्लू ओसियन ओभरसिज प्रा. लि.
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३. E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

युएईमा रोजगार
कम्पनीः ALTAFADOL BUILDINGS MAINTENANCE L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/१०/१५ — चलानी नं.: ६०२५१५१३ — LT. No.: 338007

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 100 | 0 | स. काममा दक्ष | 1000 | ३९,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २५ गते (8 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

EMPOWER H.R SOLUTION PVT. LTD. Gov. Lic No. 1708/081/082
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, Email: empowerhrsolution28@gmail.com
Phone No: 9705000127, 9851400810, 9801064154, 9803043906, 9801081251, 9869079507, 9819063243, 9702833037.

मध्यान्ह
www.madhyanhadaily.com
१७ माघ २०८२ शनिबार
31 January 2026 Saturday

# ‘दलहरूले घोषणापत्रमा अर्थतन्त्रलाई प्राथमिकतामा राख्नुपर्छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ



आसन्न फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै गर्दा यतिबेला ठूला साना दलहरू घोषणापत्र लेखनमा व्यस्त छन् । उनीहरूले घोषणा पत्र लेखनलाई अन्तिम चरणमा पुऱ्याइरहँदा निजी क्षेत्रले समेत चासो देखाइरहेको छ । आगामी ५ वर्षका लागि जनादेश लिएर आउने दलहरूले घोषणापत्रअनुसार काम गर्ने भएकाले निजी क्षेत्रले समेत चासो बढाएको छ । निजी क्षेत्रका प्रतिनिधिहरूले दलहरूले महत्वका साथ अर्थतन्त्रको विषयलाई प्राथमिकतामा राख्नुपर्ने औँल्याएका छन् ।

खासगरी मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्ने उर्जा, पर्यटन, निर्माण क्षेत्र हो । ती क्षेत्रका अगुवाहरूले दलहरूको घोषणापत्र व्यवहारिक, कार्यान्वयनमुखी हुनुपर्ने बताए । उनीहरूकाअनुसार अब निर्वाचनपछि राजनीतिक स्थायित्व कायम हुनुपर्छ । लगानीको वातावरणका लागि नीतिगत रूपमा ठूलो सुधारको खाँचो रहेको छ ।

स्वतन्त्र उर्जा उत्पादक संघ (इप्पान) का अध्यक्ष गणेश कार्कीले राजनीतिक दलहरूले यो देशलाई समृद्ध बनाउने भनेर घोषणापत्रमा एजेण्डा ल्याएपनि कार्यान्वयन हुन भने नसकेको बताए । कृषि, पर्यटन, सुचना प्रविधिदेखि खनिजसम्मका कुराहरू भएपनि उर्जा विकासमा दलहरू अनुदार रहेको बताए । कार्कीकाअनुसार राजनीति दलले मुलुकलाई समृद्धिको बाटोमा लैजाने भए उर्जा क्षेत्रको विकासका मुद्दालाई प्रमुख प्राथमिकतामा राख्नुपर्छ ।

राजनीतिक दलले घोषणापत्रमा उर्जालाई प्रमुख प्राथमिकता दिएको देखिएपनि काम गर्दा भने प्राथमिकतामा नराख्ने गरेको उनको आरोप छ ।

‘अब राजनीति दल, आउने सरकारले नेपालमा बढी भन्दा बढी बिजुली कसरी खपत गर्न सकिन्छ, त्यसलाई प्राथमिकता दिनुपर्छ, विद्युत खपत गर्दा थ्रुपै विद्युत् पूवाधार बनाउनुपर्ने हुन्छ, त्यसमा लगानी पनि सरकारले विशेष ध्यान दिनुपर्छ, अर्को कुरा हामीले जतिसुकै खपत गरेपनि बर्खामा बढी बिजुली हुन्छ, त्यसलाई स्टोरेज गर्ने र धेरै भन्दा धेरै बिजुली उत्पादन बिक्री गरेर मुलुकलाई समृद्धिको बाटोमा लैजान दलहरूले सोच्नुपर्छ’, उनले भने ।

उर्जा उत्पादक कार्कीले विद्युत् उत्पादन नभएसम्म जतिसुकै ठूला कुरा गरेपनि मुलुक समृद्ध हुन नसक्ने बताए ।

अध्यक्ष कार्कीकाअनुसार निजी क्षेत्रले २६ वर्षमै ३३ सय मेगावाटभन्दा बढी उत्पादन गरिसकेको ५७ सय मेगावाट बराबरका १९० आयोजना निर्माण गरिरहेको तथा ३६ हजार ३ सय ३६ मेगावाटका ९५८ आयोजना निर्माणको चरणमा छ । विद्युत् उत्पादनका लागि करिव १३ खर्ब रुपैयाँ बराबरको लगानी भैसकेको क्षेत्रमा पछिल्लो समयमा विभिन्न चुनौती थपिएको छ । दलहरूको घोषणापत्रमा स्पष्ट रुपमा निजी क्षेत्रलाई अघि बढाउनुपर्छ ।

उनका अनुसार राष्ट्रिय योजना आयोगले पनि १६ औ पञ्चवर्षीय योजनामा विद्युत् उत्पादन क्षमता ८ हजार ५ सय मेगावाट र दीर्घकालीन लक्ष्य अर्न्तगत बिक्रम संवत २१०० भित्र ४० हजार मेगावाट उत्पादन, ऊर्जा विकास मार्गचित्र, २०८१ ले सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट तथा तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ले सन् २०३० भित्र १४ हजार र सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने लक्ष्य हासिल गर्नका लागि स्पष्ट नीति र योजनाका साथ अघि बढाउने गरी घोषणापत्रमा समावेश गर्नुपर्छ ।

**दुई ठूला एयरपोर्ट सञ्चालनको सुनिश्चिता खोज्दै पर्यटन क्षेत्र**

दलहरूको घोषणापत्र पर्यटन क्षेत्रले खासगरी दुई ठूला एयरपोर्ट सञ्चालनको सुनिश्चिता खोज्दैछ । अर्बौं लगानी गरेर पनि राम्रो तवरले सञ्चालनमा नआएका पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याएर महिनामै लाखौं पर्यटक भित्राउने सुनिश्चितता दलहरुको घोषणापत्रमा उनीहरूले खोजिरहेका छन् ।

नेपाल होटल एशोसिएसन (हान) का अध्यक्ष विनायक शाहले वार्षिक रुपमा १२ लाख भन्दा बढी पर्यटक नेपालमा आउन नसकिरहेको बताउँदै त्यो संख्यालाई अब आउने नेतृत्वले ५० लाख पर्यटक नेपालमा भित्राउने किसिमले घोषणापत्र तयार गर्नुपर्ने बताए । सानो सोच राखेर पर्यटनलाई दलहरूले घोषणापत्रमा समेट्न नहुने उनको बुझाइ छ ।

‘हाम्रो देशमा अहिले वार्षिक रुपमा १२ लाख पर्यटक भन्दा बढी आउन सकिरहेको छैन । त्यो संख्यालाई अब आउने नेतृत्वले ५० लाख पुऱ्याउनुपर्छ अब चुनावबाट आउने सरकारले सोही अनुसारको योजना, नीति कार्यक्रम बनाउनुपर्छ’, उनले भने ।

जेन–जी आन्दोलनले परिर्वतन खोजिसकेकाले अब सोचमा आमूल परिर्वतन आएर सोही अनुसारको योजना बनाउन जरुरी रहेको शाहले बताए ।

**‘निर्माण क्षेत्र पनि आमूल परिर्वतन चाहिरहेको छ’**

राजनैतिक दलहरूको घोषणापत्रमा निर्माण क्षेत्र पनि आमूल परिर्वतन चाहिरहेको छ । निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण क्षेत्रले छाता ऐन चाहिरहेको बताए । उनकाअनुसार अहिले भएका कानुनहरूका कारण संसारभर सफल भएका व्यवसायीहरू नेपालमा भने असफल भइरहेका छन् ।

निर्माण क्षेत्रमा चाइनिज, जापानिज, भारतीय निर्माण कम्पनीहरुले भनेको समयमा काम गर्नसक्ने अवस्था छैन् । यी देशका निर्माण कम्पनीसहित अहिले नेपाली सेना समेत निर्माणको काममा विद्यमान ऐन, कानुनकै कारण असफल बन्नुपरेको छ । त्यसैले निर्माण व्यवसायीले आमूल परिवर्तन चाहेको छ । अहिलेका नियम कानुन कार्यान्वयन योग्य नरहेको सिंहले बताए ।

## ४५ प्रतिशत पुग्यो फास्ट ट्र्याकको प्रगति

# सुरुङ, पुल र कालोपत्रे धमाधम निर्माण हुँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ



देशको राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक प्राथमिकता प्राप्त काठमाडौं-तराई र मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माणको प्रगति ४५ प्रतिशत पुगेको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको उक्त आयोजनाको हाल समष्टिगत भौतिक प्रगति ४५.१६ र वित्तीय प्रगति ४५.३३ रहेको छ ।

आयोजना अन्तर्गतका महादेवडाँडा, धेद्रे, लेनडाँडा, चन्द्रामभिर, देवीचौर, सिसौटार र मौरीभिरमा बनाइने सातमध्ये पाँचवटा सुरुङ निर्माणाधीन छन् । हालसम्म मकवानपुरको धेद्रे तथा लेनडाँडाका (दुईतर्फी) चारवटा सुरुङ (ब्रेक-थ्रु) भइसकेको नेपाली सेना सडक निर्माण आयोजना कार्यदलले जनाएको छ ।

सेनाका अनुसार चालु आर्थिक वर्षको अन्त्यसम्ममा थप दुई जोडी सुरुङ ब्रेक-थ्रु हुने गरी काम अघि बढाइएको छ । ती सबै सुरुङको कुल लम्बाइ १०.९७९ किमी छ । ललितपुरको खोकनादेखि सुरु भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढस्थित पूर्वपश्चिम राजमार्गमा जोडिने कुल ७०.९७७ किमी लम्बाइको उक्त द्रुतमार्ग पहाडी क्षेत्रमा २५ र तराईमा २७ मिटर चौडाइको हुनेछ । आयोजनाअन्तर्गत ललितपुरमा नौ, काठमाडौंमा ४.६, मकवानपुरमा ४९.७ र बारामा ७.६ किलोमिटर सडक निर्माण हुनेछ ।

द्रुतमार्गअन्तर्गत साना तथा ठूला गरी ८९ वटा पुल निर्माण हुनेछन् । हालसम्म काठमाडौंको धरहराभन्दा अग्ला ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिसहित १३ स्थानका पुल निर्माण सम्पन्न भइसकेको छ । आयोजनाअन्तर्गत ८५ स्थानका पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले जानकारी दिए ।

कार्यदलका अनुसार बाँकी चार स्थानका पुलका लागि जग्गा अधिग्रहण सम्बन्धी समस्या रहेको आयोजना कार्यदलले जनाएको छ । निर्माणाधीन पुलमध्ये ५४ वटाको फाउन्डेसन र ३४ स्थानका पुलको सबस्टक्चर सम्पन्न भएको छ । विशिष्ट प्रकृतिका त्यस्ता पुलहरू एकैसाथ धमाधम निर्माण भइरहेकाले निर्धारित मितिमै आयोजना सम्पन्न हुने सुनिश्चित भएको सेनाले जनाएको छ ।

चालु आर्थिक वर्षको अन्त्यसम्म १५ स्थानका पुल निर्माण सम्पन्न हुने जनाइएको छ । ती सबै पुलको कुल लम्बाइ मात्रै पनि १२.८८५ किलोमिटर भन्दा बढी हुनेछ । आयोजनाअन्तर्गत ११ किमी सडकको सबवेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडक कालोपत्र गरिसकिएको छ ।

द्रुतमार्गको निजगढ क्षेत्रमा टोल प्लाजा भवन निर्माण भएको तथा इन्टरचेन्जको कार्य भइरहेको जनाइएको छ । त्यस्ता इन्टरचेन्ज खोकना, बुदुने र निजगढमा रहनेछ । आयोजनाका लागि आवश्यक पर्ने १५ हजार ४१६ रोपनीमध्ये खोकना क्षेत्रमा बाहेक अन्य क्षेत्रको जग्गा अधिग्रहण यसअघि नै भइसकेका छन् । राजधानीलाई छोटो दूरीमा तराईसँग जोड्ने ‘एसियन हाइवे स्टयाण्डर्ड’को रणनीतिक महत्वको यो देशकै पहिलो द्रुतमार्ग हो ।

फास्ट ट्र्याक निर्माणको प्रारम्भिक अनुमानित लागत २ खर्ब १३ अर्ब रुपैयाँ रहेको छ । आयोजना २०८३ चैत मसान्तभित्र पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको सेनाले जनाएको छ ।

द्रुतमार्गको निर्माणपछि राजधानीसँगको यात्रालाई छोटो र ढुवानीलाई सहज बनाउँदै मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । उक्त आयोजना पूरा भएपछि करिब एक घण्टामा काठमाडौंबाट मध्यतराई पुग्न सकिने छ ।

द्रुतमार्ग निर्माणमा हालसम्म प्राप्त प्रगति अवलोकन गर्न आउने जोकोहीलाई पनि उत्साह प्रदान गर्ने गरेको छ । मुलुकको आर्थिक विकासमा दीर्घकालीन योगदान पुर्‍याउने एउटा रूपान्तरणकारी आयोजनाका रूपमा द्रुतमार्गलाई हेरिएको छ ।

यसैबीच, प्रधानमन्त्री सुशीला कार्कीले मंगलबार यस आयोजनाको स्थलगत निरीक्षण गरी स्थानीयको भावनाअनुरुप धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर नपुर्‍याउने गरी आयोजनालाई तीव्र रूपमा अघि बढाउन निर्देशन दिइन् ।

सुरुआती चरणमा द्रुतमार्गको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) स्वीकृतमा ढिलाइका कारण कार्य प्रारम्भ प्रभावित भएको थियो । नेपाल सरकार मन्त्रीपरिषद्ले २०७४ वैशाख २१ गते उक्त आयोजना नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी दिने निर्णय गरेको थियो । आयोजनाको डीपीआर भने २०७६ भदौ १ गतेमात्र स्वीकृत भएको थियो ।

अन्तर्राष्ट्रियस्तरको द्रुतमार्ग निर्माणपछि सडक निर्माणका क्षेत्रमा प्राप्त अनुभवले देशमा सडक सञ्जाल बिस्तारमा राज्यको क्षमतासमेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

## मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक

# खाद्य वस्तुको मूल्यमा उतारचढाव

**काठमाडौं / मस-** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत पुस महिनाको मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ ।




बजार मूल्यसँग सम्बन्धित तथ्यांक नै मूल्य तथ्यांक भएको स्पष्ट पार्दै विभागले विभिन्न पाँचवटा कार्यालयमार्फत संकलन गरिएको विवरण सार्वजनिक गरेको हो । गत पुसमा बजार मूल्यमा सामान्य उतारचढाव भएको विभागले उल्लेख गरेको छ ।

आगामी दिनमा मूल्य स्थिरता कायम गरी सोहीअनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई सक्षम बनाउनुपर्ने, तरकारी, फलफूलगायत खाद्यान्नको उत्पादन मूल्यभन्दा बिचौलियाले गर्दा मूल्यमा उतारचढाव भएको प्रतिवेदनमा स्पष्ट पारिएको छ ।

यस्ता प्रवृत्तिको निरुत्साहन गर्न व्यापारका विकल्पहरू संस्थान, सहकारी, व्यापारिक सञ्जाल, साझेदारीजस्ता पद्दतिको विकास गर्नु आवश्यक रहेको ठहर गरिएको छ । मूल्य नियन्त्रणका लागि वस्तुको उत्पादनलाई बढावा दिने, वितरणकारी तहहरू कम गर्ने, आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने, बिचौलियाले मूल्यवृद्धि गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने विभागको सुझाव छ ।

यस्तै, सिन्डिकेट र कार्टेलिङको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने र नियमित रूपमा बजारको अनुमगन गर्नुपर्ने अध्ययनको सुझाव छ । विभागले विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगन्ज, धनगढी र काठमाडौं कार्यालयमार्फत खाद्य वस्तु तथा अन्य उपभोग्य सामग्रीको न्यूनतम र अधिकतम मूल्य पत्ता लगाउने उद्देश्यका साथ अध्ययन गरेको थियो ।

विभागका अनुसार विभिन्न सहरमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चमलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ । मंसिरको तुलनामा गत पुसमा सोना मन्सुली चामलको मूल्य घटेको र वास्मती चामलको मूल्य बढेको देखिन्छ भने अन्य चामलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ ।

यस्तै, दालको मूल्यमा केही वृद्धि भएको देखिन्छ । गेडागुडीको मूल्यमा सामान्य परिवर्तन आएको, राज्मा सिमीको मूल्यमा भने मध्यम उतारचढाव भएको पाइएको छ । तरकारी तथा मसलाको औसत मूल्यमा मध्यम उतारचढाव भएको तथा आलु, काउली र प्याजमा सामान्य परिवर्तन भएको भए पनि अदुवा, गोलभेँडा, लसुन सुकेको र खुर्सानी सुकेको जस्ता मसलाजन्य खाद्यवस्तुमा ठूलो मात्रामा उतारचढाव भएको अध्ययनमा देखिएको छ ।

स्याउ, अनारलगायत फलफूलको मूल्यमा असामान्य उतारचढाव देखिनुले विभिन्न सहरको फलफूलको मूल्यमा सोही अनुपातमा परिवर्तन भएको पाइएको छ । माछा, मासु र अण्डाको औसत मूल्यमा सामान्य परिवर्तन आएको पाइएको छ । विभिन्न सहरको तुलनामा खसी, ब्रोइलर, अण्डा र माछालगायतका मूल्यमा सामान्यदेखि मध्यम उतारचढाव भएको अध्ययनमा पाइएको छ ।

समग्र बजारको अवस्था विश्लेषण गर्दा उपभोग्य फलफूल तथा तरकारीको मूल्यमा सामान्य परिवर्तन भएता पनि घिउसिमी हाइब्रिड, परवर, काँक्रो हाइब्रिड, घिउसिमी, लोकल कुरिलोलगायत तरकारीको मूल्यमा एक सय नौ प्रतिशतदेखि एक सय ६० प्रतिशतसम्म परिवर्तन भएको अध्ययनमा पाइएको छ ।

# फाइनान्स कम्पनीहरूको नाफामा उत्साहजनक सुधार

**तारा पौडेल / मध्यान्ह**
काठमाडौं, १६ माघ



चालु आर्थिक वर्ष २०८२ को पुस मसान्तसम्मको वित्तीय विवरण अनुसार नेपालका फाइनान्स कम्पनीहरूको नाफामा उल्लेखनीय सुधार देखिएको छ । गत वर्षको सोही अवधिको तुलनामा समग्र फाइनान्स क्षेत्रको वित्तीय अवस्थामा सकारात्मक परिवर्तन आएको तथ्यांकले देखाउँछ ।

प्राप्त तथ्यांक अनुसार, अघिल्लो वर्ष (२०८१ पुस) मा समग्रमा ६ लाख ६२ हजार २४८ (प्रति १० हजार रुपैयाँको दरमा) घाटामा रहेका फाइनान्स कम्पनीहरू यस वर्ष (२०८२ पुस) मा ३ लाख २१ हजार ५१८ नाफा कमाउन सफल भएका छन् । यसले फाइनान्स क्षेत्र बिस्तारै लयमा फर्किन थालेको संकेत गरेको छ ।

**नाफा कमाउने र वृद्धि गर्नेमा सेन्ट्रल फाइनान्स अगाडि**

तथ्यांक अनुसार सेन्ट्रल फाइनान्सको नाफामा असाधारण वृद्धि देखिएको छ । यस कम्पनीले गत वर्षको तुलनामा १ हजार २२ दशमलव ९५ प्रतिशतले नाफा बढाएर ३९ हजार १९१ (प्रति दश हजारमा) पुऱ्याएको छ ।

त्यसैगरी, गुडविल फाइनान्सले पनि ९६५ प्रतिशतको छलाङ मार्दै १ लाख ११ हजार ७०८ (प्रति दश हजारमा) नाफा आर्जन गरेको छ । मन्जुश्री फाइनान्सले पनि आफ्नो नाफा १५.६२ प्रतिशतले वृद्धि गरी १ लाख ३५ हजार ३७८ (प्रति दश हजारमा) पुऱ्याएको छ, जुन सूचीमा रहेका कम्पनीहरूमध्ये उल्लेख्य रकम हो । यस अवधिमा धेरै फाइनान्स कम्पनीहरूले आफ्नो वित्तीय अवस्था सुधार्दै घाटालाई नाफामा परिणत गरेका छन्। गत वर्ष नोक्सानमा रहेका समृद्धि फाइनान्स, गुहेश्वरी मर्चेन्ट, गोर्खाज फाइनान्स, बेस्ट फाइनान्स, पोखरा फाइनान्स र रिलायन्स फाइनान्स यस वर्ष नाफामा देखिएका छन् । जसमा गोर्खाज फाइनान्सले ६१ हजार ६५७ (प्रति दश हजारमा) र पोखरा फाइनान्सले २३ हजार ३१५ (प्रति दश हजारमा) नाफा कमाएका छन् ।

**नाफा घटेका र घाटामा रहेका कम्पनीहरू**

सबै कम्पनीहरूको अवस्था भने सन्तोषजनक छैन । आइसीएफसी फाइनान्सको नाफामा ७० दशमलव ६५ प्रतिशतको ठूलो गिरावट आएको छ । त्यस्तै, श्री इन्भेष्टमेन्ट फाइनान्स र मल्टीपर्पस फाइनान्सको नाफामा पनि क्रमश : १४ दशमलव १० प्रतिशत र ३६ दशमलव ७६ प्रतिशतले कमी आएको छ ।

तथ्यांक अनुसार तीनवटा कम्पनी अझै पनि घाटामा रहेका छन् । नेपाल फाइनान्स, जुन अघिल्लो वर्ष २० हजार ५०४ (प्रति दश हजारमा) नाफामा थियो, यस वर्ष ८७ हजार ३४९ (प्रति दश हजारमा) घाटामा पुगेको छ । त्यसैगरी प्रोग्रेसिभ फाइनान्स र जानकी फाइनान्स पनि अझै घाटामा रहेका छन्, यद्यपि जानकी फाइनान्सले आफ्नो घाटा अघिल्लो वर्षको तुलनामा केही कम गरेको देखिन्छ । समग्रमा, केही कम्पनीहरू अझै संघर्षरत रहे पनि अधिकांश फाइनान्स कम्पनीहरूको नाफा बढ्नु र समग्र क्षेत्र नाफामा जानुले वित्तीय बजारमा सकारात्मक सन्देश दिएको छ ।

# हनरको नयाँ सोरुम सिटी सेन्टरमा




**काठमाडौं / मस-** विश्वव्यापी स्मार्ट डिभाइस ब्राण्ड हनरले काठमाडौंको सिटी सेन्टरमा आफ्नो नयाँ सोरुम सञ्चालनमा ल्याएको छ ।

नेपालमा ब्राण्डको विस्तारलाई हनरले तीव्रता दिएको हो । सोरुम उद्घाटन कार्यक्रममा अनुपविक्रम शाही र हेमन्त भण्डारीलगायतका कलाकारहरूको उपस्थिति रहेको थियो । सोरुमले ग्राहकहरूलाई हनरका विभिन्न स्मार्टफोन, एक्सेसरिज तथा अन्य स्मार्ट डिभाइसहरू उपलब्ध गराउनेछ ।

प्रिमियम रिटेल अनुभवलाई केन्द्रमा राखेर डिजाइन गरिएको सोरुमबाट ग्राहकहरूले ब्राण्डका अत्याधुनिक प्रविधि र नवीन फिचरहरू नजिकबाट परीक्षण गर्न सक्नेछन् । उद्घाटन समारोहमा लाइभ डेमोन्स्ट्रेसन, विशेष अफरहरू तथा जिलिच्को युवा र गतिशील ब्राण्ड भावनालाई प्रतिविम्बित गरेको छ ।

हनरले नेपालमा आफ्नो खुद्रा उपस्थितिलाई थप विस्तार गर्दै नवीन तथा भरपर्दो प्रविधि उपलब्ध गराउने प्रतिबद्धतालाई मजबुत बनाएको छ । सोरुम विस्तारले स्मार्ट डिभाइस बजारमा थप प्रतिस्पर्धा र विकल्प प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## टाइगर कप भलिबल

# न्यु डायमन्डलाई महिलातर्फको उपाधि

**पोखरा/मस–** न्यु डायमन्ड स्पोर्ट्स क्लबले छैटौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब भलिबल च्याम्पियनसिपको महिलातर्फको उपाधि हात पारेको छ ।

पोखरा रंगशालास्थित भलिबल कोर्टमा शुक्रबार सम्पन्न फाइनल खेलमा न्यु डायमन्डले नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै च्याम्पियन बन्न सफल भएको हो । न्यु डायमन्डले पहिलो सेट २५-११, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-१६ ले जित्यो ।

उपाधिसँगै न्यु डायमन्डले ६ लाख ६६ हजार ६६६ रुपैयाँ पुरस्कार प्राप्त गर्‍यो । उपविजेता बनेको नेपाल पुलिस क्लबले ३ लाख ६६ हजार ६६६ रुपैयाँमा चित्त बुझायो भने तेस्रो स्थान हासिल गरेको थाइल्यान्ड क्वीन्सले २ लाख ६ हजार ६६६ रुपैयाँ पायो ।

न्यु डायमन्डकी सुमित्रा रेग्मी प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले २६ हजार ६६६ रुपैयाँ पुरस्कार प्राप्त गरिन् । यस्तै, सर्भरतर्फ प्रतिभा माली, लिबिरो शान्तिकला तामाङ, सेटर प्रगती नाथ, ब्लकर सुनिता खत्री, स्पाइकर पथैया र प्रशिक्षक कुमार राई विधागततर्फ उत्कृष्ट घोषित भए । उनीहरूले जनही ११ हजार ६६६ रुपैयाँ हात पारे ।




न्यु डायमन्डले काभा क्लब च्याम्पियनसिपको तयारीमा रहेको पुलिस क्लबलाई हराउँदै पहिलो पटक टाइगर कपको उपाधि जितेको हो । पछिल्लो एक महिनाभित्र लगातार तेस्रो फाइनलमा न्यु डायमन्डले पुलिसलाई पराजित गरेको छ । यसअघि काठमाडौंमा सम्पन्न एनभिए च्याम्पियनसिप र केएनपी राष्ट्रिय महिला भलिबल प्रतियोगिताको फाइनलमा पनि न्यु डायमन्डले पुलिसलाई नै हराएको थियो । च्याम्पियनसिपमा खेलेका पाँचै खेलमा कुनै पनि सेट नगुमाई न्यु डायमन्ड अपराजित रहँदै उपाधि जित्न सफल भयो । यसअघि बिहीबार भएको खेलमा एपिएफलाई हराउँदै थाइल्यान्ड क्वीन्सले तेस्रो स्थान सुरक्षित गरेको थियो ।

पुरुषतर्फको उपाधिका लागि गण्डकी प्रदेश र पर्वत जिल्ला भलिबल संघ भिड्ने भएका छन् । पोखरा रंगशालास्थित भलिबल कोर्टमा शुक्रबार भएको समूह चरणको अन्तिम खेल पाँचौं सेटमा पुगेपछि गण्डकी र पर्वत दुवैले फाइनलमा स्थान बनाएका हुन् ।

गण्डकी र पर्वतबीचको फाइनल खेल शनिबार दिउँसो २ बजेबाट सुरु हुनेछ । त्यसभन्दा अघि तेस्रो स्थानका लागि खेल हुनेछ । तेस्रो स्थानका लागि अंक तालिकाको तेस्रो स्थानमा रहेको पुलिस र चौथो स्थानमा रहेको आमी भिड्नेछ । उक्त खेल बिहान ११ बजेबाट सुरु हुनेछ ।

# युनान युथसँग खेल्न नेपाली टोली तयार




**काठमाडौं/मस–** नेपाली राष्ट्रिय यु-२० महिला फुटबल टोलीले शनिबार चीनको युनान युथ वुमन्स टिमसँग मैत्रीपूर्ण फुटबल खेल्दैछ । चिनियाँ नयाँ वर्षको अवसरमा आयोजना गरिएको उक्त खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा दिउँसो हुनेछ ।

अखिल नेपाल फुटबल संघ (एन्फा), युनान विश्वविद्यालयको शारीरिक शिक्षा संकाय तथा नेपाल ओभरसिज चिनियाँ संघको संयुक्त आयोजनामा हुन लागेको खेल नेपालस्थित चिनियाँ दूतावास र राष्ट्रिय खेलकुद परिषद्को समन्वयमा आयोजना गरिएको हो ।

खेलअघि शुक्रबार आयोजित पत्रकार सम्मेलनमा नेपाली टोलीकी कप्तान बिर्सना चौधरीले टोलीको टिमवर्क र आपसी समन्वय निकै राम्रो रहेको बताउँदै घरेलु मैदानमा हुने खेलमा जित निकाल्ने विश्वास व्यक्त गरिन् । उनले चिनियाँ टोलीजस्तो सशक्त प्रतिद्वन्द्वीविरुद्ध खेल्न पाउँदा टोली उत्साहित रहेको उल्लेख गरिन् ।

नेपाली टोलीका मुख्य प्रशिक्षक यमप्रसाद गुरुङले खेलाडीहरू शारीरिक र मानसिक रूपमा पूर्ण रूपमा तयार रहेको जानकारी दिए । उनले मैत्रीपूर्ण खेल भए पनि प्रतिस्पर्धात्मक रूपमा खेल्ने तयारी गरिएको बताए ।

यता, चिनियाँ टोलीका प्रशिक्षक र कप्तानले पनि नेपाली टोलीसँगको खेललाई राम्रो अनुभवको अवसरका रूपमा लिँदै दर्शकले प्रतिस्पर्धात्मक खेल हेर्न पाउने विश्वास व्यक्त गरे ।

खेल सुरु हुनुअघि नेपाल र चीनका विभिन्न सांस्कृतिक विविधता झल्काउने सांस्कृतिक झाँकी तथा प्रस्तुतिहरू समेत देखाइने कार्यक्रम रहेको छ । एन्फाले विगत तीन वर्षदेखि नेपाल र चीनका युवा टोलीहरूबीच नियमित रूपमा यस्ता मैत्रीपूर्ण खेलहरू आयोजना गर्दै आएको छ ।

# व्यास नगर अल्ट्रा म्याराथनमा सेनाको वर्चस्व




**तनहुँ/मस–** व्यास नगरपालिकाले शहीद दिवसको अवसरमा शुक्रबार आयोजना गरेको अल्ट्रा म्याराथनमा नेपाली सेनाले वर्चस्व कायम गरेको छ । व्यास नगरपालिका-५ मानुङकोटदेखि वडा-८ पुलिमराङसम्मको ४४ किलोमिटर दूरीको म्याराथनमा प्रथम, द्वितीय र तृतीय नेपाली सेनाका धावक भएका छन् ।

प्रतियोगितामा बझाङका करन रावल प्रथम भए । रावलले उक्त दूरी दुई घण्टा ४८ मिनेट २७ सेकेन्डमा पूरा गरे । त्यस्तै रामेछापका तिलकबहादुर सुनुवारले दुई घण्टा ५८ मिनेटमा निर्धारित दूरी पूरा गर्दै द्वितीय स्थान हासिल गरे । रामेछापकै होमलाल श्रेष्ठले तीन घण्टा चार मिनेटमा दूरी पार गर्दै तृतीय स्थान हासिल गरे ।

प्रतियोगितामा प्रथम हुनेलाई ८५ हजार ८२, द्वितीय हुनेलाई ६५ हजार ८२, तृतीय हुनेलाई ५५ हजार ८२ रुपैयाँ पुरस्कार प्रदान गरिएको छ । म्याराथन मानुङकोट सिद्धमार्ग हुँदै अलैचे-चापाघाट-अनसन चौतारी-सफासडक-भोर्लेटार चोक-बैरेनी-दुम्सी-कलेस्ती-पाथ्रा-सत्रसय-बानियाँ-डिही-बर्लाची-सोतीवेशी-बगुवा-रिस्ती-बाहुन पोखरा हुँदै व्यास नगरपालिका-८ पुलिमराङमा पुगेर सकिएको थियो ।

म्याराथनको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले म्याराथनले दुई गाउँलाई चिनाउन सहयोग पुगेको बताए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरपालिकाले मानुङकोटलाई उच्च प्राथमिकतामा राखेको बताउँदै खेलकुदका माध्यमबाट दुई गाउँ जोड्ने प्रयास गरिएको बताए । मगर समुदायको बसोबास रहेको मानुङकोट र गुरुङ समुदायको बसोबास रहेको शहीदभूमि पुलिमराङ जोड्ने अल्ट्रा म्याराथनले नगरपालिकाका ६ वडालाई समेत प्रत्यक्ष जोडेको छ ।

## भूल सुधार

मिति २०८२/१०/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा रोजगार शीर्षक, कम्पनीको नाम: **ESRAA ALTEMEEMI LADIES BEAUTY SALON, चलानी नं.: ६०२५१२३९** र **पूर्व स्वीकृत मिति: २०८२/१०/११** भएको विज्ञापनमा **LT. No.:337785** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**AAGAMAN HUMAN RESOURCES PVT.LTD.** Gov. Lic. No.: 1743/081/082
Tokha-7, Basundhara Chauki, Kathmandu Contact.: 01-4971720, 9851355619/9865298787 | Email: aagamanhr2024@gmail.com

## भूल सुधार

मिति २०८२/१०/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा.लि.को Mauritius मा रोजगार शिर्षकमा कम्पनीको नाम : COLORADO LIMITED L.T. No. LT. No.: 337726, चलानी नं.: ६०२५१३८६ र पूर्व स्वीकृत मिति: २०८२/१०/१४ गतेको विज्ञापनमा अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ फागुन २ गते (13 February 2026) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**M.B. Human Resource Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np, Web.: www.mbmanpower.com.np, Jhapa Contact No: 9829723639, 9852679917, Itahari Contact No: 9704516922, 9804372357, Pokhara Contact No: 9815148427, Chitwan Contact No: 9802909595, Mobile No.: 9849362405 / 9851168891 / 9841374012 / 9814067324 / 9849362405

## कुवेतमा रोजगार

कम्पनी : **ARNIES RESTAURANT COMPANY** शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६०९५ LT. No.: 332358 पुन विज्ञापन

